# लेखापरीक्षण प्रतिवेदन

# कन्काई नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कन्काई नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/354

विषयःलेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जामुनबारी झापा।

**कैफियतसहितको राय**

हामिले **कनकाई नगरपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन, बजेट तुलानात्मक वितरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२३ करोड ४ लाख २२ हजार, पर्यटन पूर्वाधार विकासको रु.२५ लाख, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२६ लाख ४८ हजार र शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको रु.३ लाख ६ हजार समेत गरी रु.२३ करोड ५५ लाख ७० हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्व ६२ करोड ९१लाख, ९८ हजार लेखापरीक्षण गरिएकोमा रू.६ करोड ९० लाख १४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२ करोड ४८ लाख ७३ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.९ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८५ लाख ११ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ३० लाख १३ हजार र पेस्की बाँकी रु.१६ लाख ८५ हजार रहेको छ। गत वर्षसम्म रु.११ करोड ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ४२ लाख ४१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने कनकाई नगरपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कनकाई नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८४ | १७६ | ६,९०,१४,५२८ | ० | ७० | २,४८,७२,६११ | ० | ८४ | १०६ | ४,४१,४१,९१६ | ९,३१,९०३ | ३,३०,१३,८७६ | ८५,११,१४४ | ० | ० | ४,१५,२५,०२० | १६,८५,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | १६१५६२००० | ० | ५१४६३१४९ | ११००९८८५१ | ० | ४४१४१९१६ | १५४२४०७६७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६६ | ह्युमपाइप खरिद | १०,७१,३२६ |
| २ | २०८०/८१ | ८५ | सामाजिक विकास समितिको बैठक भत्ता | ९१,८०० |
| ३ | २०८०/८१ | ६२.१,६२.२ | ससर्त कृषि कार्यक्रम | ४,४७,३४५ |
| ४ | २०८०/८१ | ७३.७,७३.८,७३.१० | सशर्त अनुदान (शिक्षा तर्फ) | १,१६,६०० |
| ५ | २०८०/८१ | ७६ | शिक्षा चालु- | ५०,००० |
| ६ | २०८०/८१ | ५७ | वडा नं.४, ६र ८ कार्यालय भवन ( ठेक्का नं./kankai/NCB/cons/ | ११,८०,७०३ |
| ७ | २०८०/८१ | ४०.७,४०.९, | राजश्व तर्फ- | ७३,६१,१२७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ४८ | प्रदेश सरकारवाट हस्तान्तरिक समपुरक कार्यक्रम: (ठेक्का नं. ४ Kankai/ NCB/Works/२०८०/०८१ पञ्चायत मार्ग ) | २७,७०,५०६ |
| ९ | २०८०/८१ | ५१ | प्रदेश सरकार पूँजीगत | ९,९६,४८७ |
| १० | २०८०/८१ | ५५ | जनपथ मार्ग कालोपत्रे ( ठेक्का नं.८/kankai/NCB/cons/2080-81)- | १३,३१,१९२ |
| ११ | २०८०/८१ | ५६ | जनपथ मार्ग कालोपत्रे ( ठेक्का नं.1/kankai/NCB/cons/2080-81)- | ५,०७,०४७ |
| १२ | २०८०/८१ | ८४.२,८४.४ | गाईपालन प्रवर्द्धन कार्यक्रम- | ७,८६,३५६ |
| १३ | २०८०/८१ | ९० | करार कर्मचारी संचय कोषः | २,६२,७४९ |
| १४ | २०८०/८१ | ४९.१ | कन्काई-विर्ता-अर्जुन नविकरणीय उर्जा तथा फोहर मैला व्यवस्थापन- | ५,००,००० |
| १५ | २०८०/८१ | ४७.२ | अस्पताल भवन निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।५।०७७।७८) | ३९,३९,०७२ |
| १६ | २०८०/८१ | ७४ | अपाङ्ग छात्रवृत्ती अनुदान | १३,५२,००० |
| १७ | २०७९/८० | १०४ | ह्युम्पाइप खरिद | ७४,८३४ |
| १८ | २०७९/८० | १३२ | स्यानेटरी प्याड खरिद | १८,४०,००० |
| १९ | २०७९/८० | ६४ | सोझै खरिद | ३३,७०,७७० |
| २० | २०७९/८० | १३१ | सशर्त अनुदानबाट थप पारीश्रमिक भुक्तानी | १३,७२,००० |
| २१ | २०७९/८० | १३३ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १०,०६,१४८ |
| २२ | २०७९/८० | ५१.१,५१.२,५१.३ | रिङरोड कालोपत्रे सडक निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।६।०७९।८०) | ५८,०४,९६३ |
| २३ | २०७९/८० | १४३.१ | मेयर आवास कार्याक्रम | २९,८६,६२९ |
| २४ | २०७९/८० | ४० | बिल भरपाई पेश नगरी भुक्तानी | ७६,०८० |
| २५ | २०७९/८० | ४८ | बिभाज्यकोषको रकम बाँडफाट नगरेको | ७५,७१,८४५ |
| २६ | २०७९/८० | ११५ | बिधुत महशुल | ६,६९२ |
| २७ | २०७९/८० | ७५ | बढी दर | २,५०० |
| २८ | २०७९/८० | ८१ | बढी तलब | १,६८,२६२ |
| २९ | २०७९/८० | ७२ | बजेट भन्दा बढी खर्च | ८,३७,८९७ |
| ३० | २०७९/८० | १२० | फरक दर | २८,८६७ |
| ३१ | २०७९/८० | ८५ | पारिश्रमिक कर | २०,४०५ |
| ३२ | २०७९/८० | १३६ | पाठ्यपुस्तक खरिद | १,६५,७६४ |
| ३३ | २०७९/८० | ६१ | पर्यटन प्रवर्द्धन प्रतिवेदन | ४,९६,०७० |
| ३४ | २०७९/८० | ५८.२,५८.३,५८.४ | परामर्स तथा डीपीआर खर्च | १७,८०,५२० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०७९/८० | ५५.२ | पञ्चायतमार्ग कालोपत्रे सडक निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।५।०७९।८०) | ९२,०३५ |
| ३६ | २०७९/८० | ८० | दोहोरो तलब भत्ता भुक्तानी | ७२,००० |
| ३७ | २०७९/८० | ६५ | दरभाउपत्र बेगर खरिद | ४,२३,०५६ |
| ३८ | २०७९/८० | १४४ | तराई मधेश समृद्धि कार्यक्रम | ११,००,८६१ |
| ३९ | २०७९/८० | ५२.3 | जनपथ सडक पूर्व पाथिभरा जाने सडक निर्माण (ठेक्का नं. KANAKAI।SQ।WORKS।२।०७९।८०) | १,६०,०३५ |
| ४० | २०७९/८० | ५०.३,५०.४ | जनपथ मार्ग सडक निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।४।०७९।८०) | ३८,६७,८६५ |
| ४१ | २०७९/८० | ५७ | कार्यसम्पन्न प्रतिवेदन | १०,१७,९३४ |
| ४२ | २०७९/८० | ८३ | करार कर्मचारी सञ्चयकोष | ११,०४,९२६ |
| ४३ | २०७९/८० | | कर कट्टी | ९,०७२ |
| ४४ | २०७९/८० | ९९ | उपभोक्ता समितिमार्फत कार्यक्रम सञ्चालन | १७,४६,७०० |
| ४५ | २०७९/८० | १०३ | उपभोक्ताको काम निर्माण व्यवसायी मार्फत | १३,८०,६७२ |
| ४६ | २०७९/८० | ७८ | अनुशिक्षण कार्यक्रम | २,००० |
| ४७ | २०७९/८० | १२९ | IT Lab व्यवस्थापन सामग्री खरिद | ३७,००० |
| ४८ | २०७८/७९ | ६२ | सामुदायिक सिकाइ केन्द्र अनुदान | २,००,००० |
| ४९ | २०७७/७८ | २९.२ | परामर्शदाताको कार्य | १९,६९,०७२ |
| ५० | २०७७/७८ | ५३ | दायित्व भुक्तानीः | ८,९७,७०० |
| ५१ | २०७७/७८ | २७.१ | ठेक्का सम्झौता पालना स्थिति | १९,३२,७१० |
| ५२ | २०७७/७८ | ३१ | कृषि कार्यक्रम अनुगमन | ४८,००० |
| ५३ | २०७७/७८ | ७२.१ | उपभोक्ता समिति मार्फतको लगानी | २३,६१,९५४ |
| ५४ | २०८०/८१ | २७ | धरौटी फिर्ता- | २१,०८,२९८ |
| ५५ | २०७९/८० | ३६ | समपुरक अनुदान रकमबाट प्रोत्साहन भत्ता | १,०४,८५२ |
| ५६ | २०७९/८० | २६ | करार कर्मचारी व्यवस्थापन | २४,९३,७०६ |
| ५७ | २०७८/७९ | ३२ | पेश्की बाँकी | ६,५३,०९८ |
| ५८ | २०७८/७९ | १५ | कर्मचारी व्यवस्थापन | २१,२४,२०० |
| ५९ | २०७७/७८ | १३ | पदाधिकारी यातायात सुविधा | ५३,४६० |
| जम्मा | | | | ७,६३,३५,७६० |

# (८०११२४०२३०० - कन्काई नगरपालिका, झापा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ७९.१ वर्ग किलोमिटर क्षेत्रफल तथा ५३१४८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०९। १२ देखि २०८१ ।०९। २६सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८१।९।२६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(छ) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ जम्मा रु. १६२९१९८३२८.२५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४४१९०४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| सशर्त | लघुउद्दम | ३२७७० | ०८१/ ०९/ १६ | नेपाल बैक |
| चालु | बैठक भत्ता | ४०९१३० | ०८१।०९।२८ | पालिका राजश्व खाता |
| जम्मा | | ४४१९०४ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १३,९३,८८,६९०.८१ | १३,९३,८८,६९०.८१ | १३,०८,६७,२५०.३० | १३,०८,६७,२५०.३० |
| १३००० | अनुदान | ३९,९७,९७,६९४.४९ | ३९,९७,९७,६९४.४९ | ४०,१९,१०,०७५.१६ | ४०,१९,१०,०७५.१६ |
| १४००० | अन्य राजस्व | ३,७१,६८,४१४.७८ | ३,७१,६८,४१४.७८ | ५,१९,६४,२०९.६४ | ५,१९,६४,२०९.६४ |
| १५००० | विविध प्राप्ति | २२,०६,५०८.४० | २२,०६,५०८.४० | ३०,११,९८०.०० | ३०,११,९८०.०० |
| ३३१४३ | अन्य संस्थाहरुबाट ऋण प्राप्ति | ० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ५७,८५,६१,३०८.४८ | ५७,८५,६१,३०८.४८ | ५८,७७,५३,५१५.१० | ५८,७७,५३,५१५.१० |
| ३ | चालु | ३८,०९,८२,१७६.३२ | ३८,०९,८२,१७६.३२ | ३५,४६,९२,५१७.४३ | ३५,४६,९२,५१७.४३ |
| २१००० | पारिश्रमिक / सुविधा | २४,२१,३३,७४९.२८ | २४,२१,३३,७४९.२८ | २१,४६,७१,२१४.९६ | २१,४६,७१,२१४.९६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२,७९,७५,६९२.६४ | १२,७९,७५,६९२.६४ | १३,०५,४७,३४१.४७ | १३,०५,४७,३४१.४७ |
| २५००० | सहायता (Subsidy) | ४०,५२,५६०.०० | ४०,५२,५६०.०० | ७८,५५,५८०.०० | ७८,५५,५८०.०० |
| २६००० | अनुदान | ४५,००,०००.०० | ४५,००,०००.०० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | १८,२०,१७४.४० | १८,२०,१७४.४० | ११,१८,३८१.०० | ११,१८,३८१.०० |
| २८००० | अन्य खर्च | ५,००,०००.०० | ५,००,०००.०० | ५,००,०००.०० | ५,००,०००.०० |
| ४ | पूंजीगत | १८,४०,१८,८९३.९६ | १८,४०,१८,८९३.९६ | २८,६६,३५,७७१.२३ | २८,६६,३५,७७१.२३ |
| ३१११० | भवन तथा संरचना | ५४,६८,८६२.०० | ५४,६८,८६२.०० | ३,७२,०४,३७६.०० | ३,७२,०४,३७६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,१६,७९,७६८.०० | १,१६,७९,७६८.०० | २,०९,०२,७१२.६१ | २,०९,०२,७१२.६१ |
| ३११३० | अन्य पूँजीगत खर्च | ७७,५९,३३८.०० | ७७,५९,३३८.०० | १,८४,७९,१६९.०० | १,८४,७९,१६९.०० |
| ३११४० | सुरक्षा उपकरण | १०,००,०००.०० | १०,००,०००.०० | २१,५०,३५०.०० | २१,५०,३५०.०० |
| ३११५० | सार्वजनिक निर्माण | १५,७२,११,७२५.९६ | १५,७२,११,७२५.९६ | २०,३७,३९,१९४.७८ | २०,३७,३९,१९४.७८ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १,५०,०००.०० | १,५०,०००.०० | ८,७६,०२८.०० | ८,७६,०२८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ६,४९,२००.०० | ६,४९,२००.०० | ३२,८३,९४०.८४ | ३२,८३,९४०.८४ |
| ३१२२० | मौज्दात सामानहरु | १,००,०००.०० | १,००,०००.०० | ० | ० |
| ५ | वित्तीय | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ५६,५०,०१,०७०.२८ | ५६,५०,०१,०७०.२८ | ६४,१३,२८,२८८.६६ | ६४,१३,२८,२८८.६६ |
| ग) | बचत /कमी (ग = क-ख ) | १,३५,६०,२३८.२० | १,३५,६०,२३८.२० | (५,३५,७४,७७३.५६) | (५,३५,७४,७७३.५६) |
| घ) | धरौटी, आकस्मिक कोष | १,४४,९५,७८५.४९ | १,४४,९५,७८५.४९ | ४२,७४,९७६.५७ | ४२,७४,९७६.५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | २,८०,५६,०२३.६९ | २,८०,५६,०२३.६९ | (४,९२,९९,७९६.९९) | (४,९२,९९,७९६.९९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ४,६३,६५,१६६.५३ | ४,६३,६५,१६६.५३ | ९,५६,६४,९६३.५२ | ९,५६,६४,९६३.५२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७,४४,२१,१९०.२२ | ७,४४,२१,१९०.२२ | ४,६३,६५,१६६.५३ | ४,६३,६५,१६६.५३ |

३ **वित्तीय विवरण परीक्षण-**

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २३,०४,२२,०८२।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २६,४८,०००।– पर्यटन पूर्वाधार तर्फको रु २५,००,०००।शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तर्फको रु ३,०५,८२३। समेत गरी रु. २३,५५,७०,०८२। एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गरि वित्तिय विवरणको यथार्थता प्रस्तुत गर्नुपर्दछ ।

• पालिकाको सुत्रमा Revenue model आंशिक रुपमा लागू गरेको, ईन्ट्री गर्नु पर्ने कतिपय टिप्पणीहरु जस्तै ८,१४,१७ र सम्पत्ति तथा राजस्व बक्यौता ईन्ट्री गरी वित्तीय प्रतिवेदनमा समावेश नगरेको अवस्था छ ।

• **जिम्मेवारी** - पालिकाले गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात र यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु ४,६३,६५,१६६.५३ जिम्मेवारी सारेको छ ।

• पालिकाले प्रदेश शशर्त तर्फतको निकासा फिर्ता रकम प्रदेश संचित कोष खातामा दाखिला गर्नुपर्नेमा रु. ७३६४८३ राजश्व खातामा फिर्ता दाखिला गरेको छ।

• **बैङ्क हिसाव** - पालिकाको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात रु ७,४४,२१,१९०.२२ रहेको छ।

• पालिकाले यस वर्ष नगदी रसिदबाट कुल राजश्व प्राप्ती रु ५,५१,००,४५८।७१ मा बैक दाखिला रु ५,५३,८०,४५८।७१ देखिएको छ । नगदी रसिदबाट प्राप्त भएको राजश्व रकम भन्दा रु २,८०,०००।सुत्रको हिसावमा बढी आम्दानी बाँधेको सम्बन्धमा यकिन हुनुपर्दछ ।

• **शेयर लगानी** – पालिकाको बजेट तथा कार्यक्रम बमोजिम यस वर्ष मिति २०८०।५।२२ मा कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडमा शेयर लगानी वापत आन्तरिक कोषबाट रु. रु ६०,००,००० र संघीय शर्शत अनुदानबाट रु. ५,००,००० समेत रु. ६५,००,००० खर्च लेखेको देखियो । विगत तीन वर्षदेखी हालसम्म रु २ करोड ४६ लाख ८३ हजार २०० शेयर लगानी गरेकोमा पालिकाले उक्त लगानीको वित्तिय विवरणको लगानी हिसावमा समावेश नगरी खर्च हिसावमा

देखाएको, लगानी हिसावको अभिलेख नराखेको र हालसम्म कुनै प्रतिफल प्राप्त गरेको देखिदैन । पालिकाले वायोग्यास कम्पनीलाई संचालन खर्च वापत शेयर लगानी गरेको र प्रतिफल सुनिश्चित नगरी लगानी गरि रहेको अवस्था छ । यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु ७० करोड ३७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजनाको प्राथमिकीरण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३४४ योजनामा रु २३२३३३ हजार रकम विनियोजन गरेको छ । सो मध्ये उपभोक्ताबाट ३०३ योजनाहरुमा रु. १०२९७३ हजार खर्च गरेको छ । संचालित योजनामध्ये ८८ प्रतिशत योजना उपभोक्ता समितिबाट संचालन भएको देखिन्छ ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.१ लाख सम्मका योजना सङ्ख्या** | **रु.१ लाख देखि ५लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या** | **१० लाख देखि २० लाख सम्मका योजना** | **२० लाख भन्दा माथिका योजना** |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय र वडा स्तरीय | ३४४ | १०४ | १६४ | ४७ | १४ | २० |
| २. | रकम रु. हजारमा | २३२३३३ | ५४०० | ३६४३ | ३४५६९ | १८३३५ | १७०३८६ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

६ **एकमुष्ठ बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथि छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ठ राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ठ वजेट राख्न मिल्ने देखिदैन । यस पालिकाले यो वर्ष रु १,५८,८२,१७९। अबण्डा बजेट व्यवस्था गरी ५८ योजनामा रु. १,०६,७२,६८६। खर्च गरेको छ। बजेट एकमुष्ठमा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । बजेट एकमुष्ठमा राखी

कार्यपालिकाको निर्णयबाट सभाले समर्थन गरी खर्च गरेको देखिन्छ । यसमा सुधार गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।एकमुष्ठ बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | आवश्यकता तथा औचित्यता र किसानको मागको आधारमा | ४००००० |
| २ | साना सिचाई प्रवर्दन तथा व्यवस्थापन | २५०००० |
| ३ | मागमा आधारित पशुपंक्षि विकास कार्यक्रम | १००००० |
| ४ | विविध कार्यक्रम | २००००० |
| ५ | सामुदायिक विद्यालय भौतिक सुधार कार्यक्रम | ५०५०००० |
| ६ | विविध खानेपानी | १०००००० |
| ७ | विभिन्न सडक मर्मत | ६३८२१७५ |
| ८ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार | २५००००० |
| | जम्मा | १५८८२१७५ |

## ७ **गत विगतको भुक्तानी-**

७.१ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको २४ कार्यक्रमको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ३४६३३६३४।- भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७.२ गत वर्षको भुक्तानी दायित्वमा अवण्डा बजेट पालिकाले आ.व. ०७९/०८० को बजेटबाट दायित्वमा सरेका एवं अधुरा योजना तथा कार्यक्रमहरु २४ को रु ३४६३३६३४ मध्ये सि नं २४ मा अन्य विविध योजना तथा कार्यक्रम संचालन सम्बन्धी भुक्तानीमा रु २७२४२४७ अवण्डा राखी गत वर्षको दायित्व सारेको छ । पुरानो बजेटलाई नयाँ कार्यक्रममा रुपान्तरण गरी (भुक्तानी बाँकीको विवरणमा तोकिएको बाहेक) कार्यक्रम नतोकी आवश्यकताको आधारमा स्वविवेकिय अधिकार प्रयोग गरी खर्च गरेको देखिन्छ । पालिकाले गत वर्षको भुक्तानी दायित्वमा अवण्डा बजेट राखी भुक्तानी दिन बाँकीको व्यवस्था नगरी खर्च गरेको बजेट तथा कार्यक्रमको उदेश्य विपरित देखिएको छ । यसरी गत वर्षको दायित्व उल्लेख गरी अवण्डा बजेट राखी पटके निर्णयमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु

(आ.व. ०८१/८२ को बजेटमा सुधार भएको पालिकाको भनाई रहेको छ)

| | |
|---|---|
| अनियमित भएको | २७,२४,२४७ |

## ८ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (रु हजारमा)

| क्र.सं. | विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ७,३९,५३ | ६,१०,९१ | १०.८१ |
| २ | सामाजिकविकास | २८,६३,०९ | २५,३१,९६ | ४४.८१ |
| ३ | पूर्वाधारविकास | १९,७०,१२ | १२,००,२२ | २१.२४ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | १,५३,२५ | ८०,८३ | १.४१ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३,११,२२ | १२,२६,०६ | २१.७० |
| ६ | जम्मा | ७०,३७,२३ | ५६,५०,०१ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.८१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.४१प्रतिशत रहेको छ ।

९ **खर्च बिश्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ९००१४०९३ राजस्व बाँडफाँबाट रु ६५०९४३०३.४८ अनुदानबाट रु ४२,३४,५२,९१२ समेत रु ५७,८५,६१,३०८.४८ आम्दानी भएकोमा चालु तर्फ रु ३८,०९,८२,१७६.३२ र पूँजिगत तर्फ रु १८,४०,१८,८९३.९६ र वित्तीय ब्यबस्था तर्फ रु ० समेत रु ५६,५०,०१,०७०.२८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १५.९३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ११०६७५८०। खर्च भएको छ जुन आन्तरिक आयको १२.२९ प्रतिशत रहेको छ । पालिकाको कुल खर्च रकमबाट ६७.४३ प्रतिशत चालु र ३२.५६ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।पालिकाले देहाय अनुसारका चालु प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकबाट भुक्तानी दिएको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरु:

| क्र सं | गो भौ नं. | मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|---|---|
| १ | ९९ | २०८०।१०।८ | देवकोटा आवि | शिक्षक तलब भत्ता | ६०००० |
| २ | १७३ | २०८०।१२।९ | विभिन्न जाति बर्ग | तिज कार्यक्रम | २९८०० |
| ३ | २०० | २०८१।१।२४ | भगवती आवि | शिक्षक तलब भत्ता | १००००० |
| ४ | २६० | ०८१/२/१० | नेपाल भारत मैत्री संघ | कार्यक्रम | ३०००० |
| ५ | ३०३ | ०८१/२/२३ | डिल्ली गौतम स्मृती प्रतिष्ठान | कार्यक्रम | ९०००० |
| ६ | ३७० | ०८१/३/११ | एकल महिला उ स | भ्रमण | ५०००० |
| ७ | ३२७ | ०८१/२/२९ | कमला विश्वकर्मा | कार्यक्रम | ७५००० |
| ८ | ३२१ | ०८१/२/२९ | सरस्वती मा वि | पारिश्रमिक | २००००० |
| ९ | ३९२ | २०८१।३।१७ | पञ्चकन्या आवि | शिक्षक तलब भत्ता | ६६०५० |
| १० | १८५ | २०८१।१।२० | आदर्श सामुदायिक क्याम्पस | तलबभत्ता | ३००००० |
| ११ | ११९ | ०८०/१०/२९ | कनकाई साप्ताहिक | सूचना | ४०००० |
| १२ | ४११ | ०८१/३/२० | आसिया सिलाई मेशिन | कार्यक्रम | ५०००० |
| १३ | २५४ | ०८१/२/२२ | एकल महिला कार्यक्रम उ स | कार्यक्रम | ५०००० |
| १४ | २६१ | ०८१/२/२४ | आधुनिक कृषि फर्म | दलित उत्थान | ८०००० |
| १५ | ४५२ | ०८१/३/२३ | तुलसा थापा | विपन्नलाई विद्दुत मिटर | ३०००० |

११ **त्रैमासिक खर्च-**

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल पूँजीगत खर्चको तुलनामा प्रथम त्रैमासिकमा ८.२९ प्रतिशत र दोस्रो त्रेमासिकमा २.८५ प्रतिशत, तेस्रो त्रैमासिकमा ६.१६ तथा चौथो त्रैमासिकमा ८३.४८ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ५८.०७ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

( रकम रु. हजारमा)

| क्र.स | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | १८४०१८ | १५२५९ | ३७९० | ११३३९ | १५३६२९ | १०६८७२ |
| | प्रतिशत | | ८.२९ | २.८५ | ६.१६ | ८३.४८ | ५८.०७ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ८३.४८ प्रतिशत तथा आषाढ महिनामा ५८.०७ प्रतिशत खर्च भएको देखियो। आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१२ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु ६ करोड ८० लाख खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको देखिएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• पालिकाको वित्तिय प्रतिवेदन अनुसार यस वर्ष सवारी साधन मर्मतमा रु २५७४९८७ खर्च गरेको देखियो । सवारी साधन मर्मत गर्दा लगबुक अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा यस वर्ष आन्तरिक लेखापरीक्षण भएको छैन

• सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको देखिएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको छैन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु २३ लाख ८१ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।साथै पालिकाले भ्रमण अभिलेख खाता समेत व्यवस्थित राखेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ खाजा/पानी/भैपरी विविधमा पालिकाले रू २२ लाख खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर लगायतका विवरणको अभिलेख अद्यावधिक गरेको देखिएन ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको देखिएन ।

• फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४६ जना पदपूर्ती भएको देखिन्छ । पालिकामा १० पदहरु रिक्त रहेका छन् ।संगठन तथा व्यवस्थापन सर्वेक्षण सभाबाट स्वीकृत गरी पद दर्ताका लागि प्रदेश निजामती किताबखानामा पठाएको र लोकसेवा आयोगमा माग पठाएता पनी पददर्ता नभएकोले पदपूर्ति हुन नसकेको पालिकाको भनाई रहेको छ । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४ **कर्मचारी करार** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकामा कुल ७२ जना करारमा कर्मचारी कार्यरत रहेको मध्ये १० जना कार्यक्रमबाट र ६२ जना आन्तरिक स्रोतबाट कार्यरत रहेको देखिन्छ ।करार कर्मचारीको रु १४५६९५०३ तलब खर्च गरेको देखिएकोमा पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी रु ४९,१६,५०९। तलव भत्ता भुक्तानी गरेको छ । स्वीकृत दरवन्दी वेगरको पदमा कर्मचारी राखी तलव भत्ता भुक्तानी गरेको छ । दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी रु. ४९,१६,५०९। भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| पद | बढी नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ | ५६७९५७ |
| कम्प्युटर अपरेटर | १ | ४५१४९० |
| बाल कल्याण अधिकारी | १ | ४५१४९० |
| प्रसासन सहायक | १ | ४५१४९० |
| सव इन्जिनियर | १ | ४५१४९० |
| अमिन | ३ | १२८३१७८ |
| अ.सव इन्जिनियर | २ | ८५५४५२ |
| सा प | २ | ८५५४५२ |
| | जम्मा | ४९,१६,५०९ |

| | |
|---|---|
| अनियमित भएको | ४९,१६,५०९ |

१५ **अवकास कोष –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले कोष स्थापना गरेको छैन । दिर्घकालमा पर्नजाने दायित्व व्यवस्थापनमा तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

१६ **मर्मतसंभार कोष-**

पालिकाले वित्तिय प्रतिवेदन अनुसार यस वर्ष मर्मतसंभार कोषमा रु २४६५१७१।९६ आम्दानी भएकोमा रु ११८४७८१।४० खर्च भई रु १२८०३९०।५६ बाँकी देखिएको छ । पालिकाले यस वर्ष संचालन गरेका योजनाहरुको २ देखि ३ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टी गरी सो रकम मर्मत संभार कोषमा ट्रान्सफर गरेको देखियो । पालिकाले मर्मत संभार कोषबाट सूचना प्रकाशन मर्मत बैठक भ्रमण खर्च जस्ता शीर्षकमा रु ११८४७८१।४० खर्च लेखेकोमा यस्तो खर्च मर्मत संभार कोषको उदेश्यसँग मेलखाने देखिदैन । यस्तो कोष संचालन सम्बन्धी कार्यविधि समेत तयार गरेको छैन । कार्यविधि बमोजिम मर्मत संभार कोष संचालन गर्नुपर्दछ ।

१७ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ प्रदेश निजामती सेवा ऐन,वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालीकाले यो वर्ष शिक्षा बाहेकका कर्मचारीको तलवी प्रतिवेदन पारित नगराई रु ४७४७५२९३ तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८ **जिन्सी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

पालिकालले गत विगत वर्षको मौज्दात रहेका PAMS लागू गर्नुपूर्वका सामानहरुको मूल्य खुलाई Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्थाको अभिलेख पेश हुन आएन ।

• पालिकाको आ.व. २०८०/८१ को जिन्सी निरिक्षण प्रतिवेदनमा औल्याइएका सुझावहरु कार्यान्वयन भएको देखिएन ।

• पालिकाले २०७४/११/२ मा रु ३५५५०००। मा खरिद गरेको यन्त्र उपकरण व्याक हो लोडर १ थान संचालनमा नरहेको र विग्रीएर रहेको जनाएको छ ।

१९ **ईन्धन खर्च-**

पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष इन्धनमा रु ३४४२१४५। खर्च गरेको देखिन्छ । पालिकामा ३जिप, २० मोटरसाइकल रहेका छन् । यसका अतिरिक्त पालिकामा २ मिनिट्रिपर र १ एम्बुलेन्स रहेको र उक्त साधनको लागि समेत प्रयोग भएको देखिन्छ । पालिकाले सवारी लग बुक समेत अद्यावधिक अभिलेख राखी मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ । पालिकाले सवारी लगबुक समेतको अद्यावधिक अभिलेख राखी मापदण्ड तयार गरी सोही मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।

२० **पेश्की हिसाव-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छौट नभई १३१३१८०२।६२ बाँकी रहेको देखिन्छ । कुल पेश्की बाँकी मध्ये विगत वर्षको रु ६७५४८३२।६२ र आ व ०८०/८१ को रु ६३७६९७०। रहेको छ । त्यस मध्ये ०८०/८१ को फर्छौट हुन बाँकी पेश्की मध्ये म्याद ननाघेको रु ४९९१९७०। र म्याद नाघेको रु १६८५०००। रहेको छ ।पालिकाको पेश्की बाँकीको विवरणले चालु आ व को पेश्की बाँकी रु ६६७६९७० हुनुपर्नेमा रु ६३७६९७० देखाएको छ । पेश्की बाँकीको अभिलेख अद्यावधिक गरी यथार्थता प्रस्तुत गर्नुपर्दछ ।

२१ **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त वित्तीय विवरणको फस्र्यौट गर्न बाँकी पेश्कीको विवरण अनुसार पालिकाको हालसम्म रु. १३१३१८०२।६२। पेश्की बाँकी देखाएको छ । बाँकी पेश्कीमध्ये गत विगत बर्षको रु. ६७५४८३२।६२ र चालु बर्षको रु. ६३७६९७०। देखिएको छ । चालु आ. व. को पेश्की बाँकीमध्ये म्याद नाघेको रु.१६८५०००। र म्याद ननाघेको रु. ४९९१९७०। देखिएको छ । उक्त पेश्की आर्थिक बर्षको अन्त्यसम्म म्याद ननाघेता पनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्र्यौट गर्नुपर्दछ ।

| क्र स | विवरण | रकम |
|---|---|---|
| १ | फुङफुङे शैलेश्वरी निर्माण सेवा | २३३४६६ |
| २ | जम्दार विल्डर्स एण्ड कन्स्ट्रक्सन | ८००००० |
| ३ | एलेक्स कन्स्ट्रक्सन | ३९५८५०४ |
| | जम्मा | ४९९१९७० |

२२ **सेवा प्रवाह-**

लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ. व. २०८०।०८१ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ। घटना दर्ता बाहेकका पालिकाबाट प्रदान गर्ने नागरिकता सिफारिस, घरबाटो सिफारिस लगायतका अन्य सेवा प्रवाहको अभिलेख समेत व्यवस्थित हुनुपर्दछ ।

| **सि न** | **विवरण** | **विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या** |
|---|---|---|
| १ | विवाह दर्ता | ५७५ |
| २ | जन्म दर्ता | ८७५ |
| ३ | मृत्यु दर्ता | ३७३ |
| ४ | बसाईसराई दर्ता | ५७० |
| ५ | सम्वन्ध विच्छेद | ७१ |
| ६ | घरनक्सा पास | २१८ |

उल्लेखित सेवा प्रवाह बाहेक पालिका अन्तर्गतको स्वास्थ्य संस्थाबाट OPD सेवा प्राप्त गर्नेको संख्या ५७७०९ जना खोप सेवामा ३७६ जना ल्याव सेवामा ४३६१९ जना र अन्य सेवामा १४१९० जना समेत कुल पालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट विभिन्न ९८ प्रकारका सेवा लिने संख्या ८७५१३ जना रहेको विवरणबाट देखिएको छ ।

२३ **म्याद नाघेको पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु१६८५००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १६८५००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र स | विवरण | रकम |
|---|---|---|
| १ | गरमकाली ट्रेड सेन्टर | ४००००० |
| २ | भुपेन्द्र बस्नेत | ११०००० |
| ३ | भोजराज आचार्य | ६००००० |
| ४ | शोभित राई | ५७५००० |
| | जम्मा | १६८५००० |

| | |
|---|---|
| पेश्की | १६,८५,००० |

२४ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म १७ वटा ऐन, २ वटा नियमावली, ५४ कार्यविधि लगायत ८१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

२५ **न्यायिक समिति–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २५ गरी कुल ३१ विवाद दर्ता भएकोमा २५ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **धरौटी-**

पालिकाले पेश गरेको विभिन्न प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सरेको धरौटी मौज्दात रु. १२०२३१२०।६९ मा यस वर्षको प्राप्ती रु.१३३२५००। समेत जम्मा रु.१३३५५६२०।६९ मा रु २६७०७७५।५० खर्च भई रु १०६८४८४५।१० मौज्दात रहेको देखिएको छ । पालिकाको धरौटी मौज्दात रकममध्ये गत विगतको नामनामेसी नखुलेको विवरण यकिन नभएको, प्रयोजन समाप्त भएको रु.३३४०९०।४३ देखिन्छ । प्रयोजन नखुलेको धरौटी रकमको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नु पर्दछ । साथै पालिकाको धरौटी कारोवारको लेखा श्रेस्ता प्रमाणित गरी आद्यावधिक अभिलेख राखेको छैन। धरौटी कारोवारको अभिलेख नियमानुसार अद्यावधिक गरी राख्नुपर्दछ ।

२७ **धरौटी फिर्ता-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम अन्तिम भुक्तानी दिदाँ निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधि समाप्त भएपछी कार्यसम्पादन जमानत र नियम १२३ ४ बमोजिम कट्टा गरी रिटेन्सन मनिको रकम सम्बन्धित आपूर्तिकर्ता निर्माणव्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायबमोजिमको निर्माण कार्यको नियम १२३ बमोजिम कट्टा गरीएको रिटेन्सन मनी सम्बन्धित निर्माण व्यवसायीलाई रु २४,७५,५२५ फिर्ता खर्च लेखेकोमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण संलग्न गरेको छैन उक्त फिर्ता रकमको मु अ कर समायोजन गरेको कर विवरणको प्रमाण पेश हुनुपर्ने रु

| क्र स | गो भौ नं र मिति | धरौटी फिर्ता प्राप्त गर्ने | रकम |
|---|---|---|---|
| १ | २१/०८०/६/४ | माँ पाथिभारा निर्माण सेवा | १६२०१४ |
| २ | २१/०८०/६/४ | माँ पाथिभारा निर्माण सेवा | २७४८९९ |
| ३ | २४/०८०/६/८ | महिन कन्ट्रक्सन प्रा लि | १४३८१८ |
| ४ | ३९/०८०/८/२५ | न्यू सिमा विल्डर्स | ८६२०६ |
| ५ | ४५/०८०/७/२१ | माँ पाथिभारा निर्माण सेवा | २२८४६७ |
| ६ | ५४/०८०/९/१२ | जे वि एण्ड सन्स कन्स्ट्रक्सन | ९४५६९ |
| ७ | ९०/०८१/३/२० | लक्ष्मीमाता कन्स्ट्रक्सन | १४८५५५२ |
| | | जम्मा | २४७५५२५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१०५,८९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **२१,३१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१०५,८९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८२१,८४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१२४,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **४२८,४१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | २४,७५,५२५ |

२८ **कार्य सञ्चालन तथा अन्य कोष -**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेको छ । पालिकाले यो वर्ष प्रकोप, विविध खर्च र विविध कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ७४७७२९४।८४ सहित रु. ९०१५८२७।५४ आय र रु. १०६६२४९ खर्च गरी रु.७९४९३७८।५४ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२९ **विपन्न नागरिक आर्थिक सहायता-**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यस वर्ष पालिका क्षेत्रका विभिन्न अस्पतालबाट १९० जनाको लागि रु ५२५०००० खर्च भएको र ७२ जनाको ८ प्रकारको उपचार सिफारिस गरेको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **क्रम** | **अस्पतालः नाम ठेगाना** | **उपचारको किसिम** | **व्यक्ती संख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|---|
| १ | विभिन्न | कडा रोग ४ प्रकारका उपचार खर्च | १९० | ५२५० |
| जम्मा | | | २६१ जना | ५२५० |

३० **आर्थिक सहायता-**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष कार्यविधि बमोजिम औषधी उपचार खर्चमा रु. १५ हाजारसम्म सहायता दिन सकिने व्यवस्था वमोजिम विभिन्न संघसंस्था र व्यक्तिहरुलाई औषधि उपचार बापत रु १४,८७,५६० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरण गर्ने कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ। यस प्रकारका खर्चको सार्वजनिकीकरण समेत गर्नुपर्दछ ।

३१ **प्रोत्साहन भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले सभाबाट निर्णय गराई कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७७ बमोजिम १ महिनाको तलबको २० प्रतिशतले रु २९,३२,८८३। प्रोत्साहन भत्ता वापत आन्तरिक स्रोतबाट खर्च गरेको छ। जुन आन्तरिक आयको ३.२५ प्रतिशत रहेको छ । कानून बमोजिम खर्च लेख्नुपर्दछ ।

३२ **यन्त्र उपकरण सञ्चालन-**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको छैन। उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार गरेको देखिएन। यस्ता यन्त्र उपकरण सञ्चालनबाट प्राप्त आयको अभिलेख राखेको छैन। पालिकाको यन्त्र उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | न्यून वचत |
|---|---|---|---|---|---|---|
| १. | जे.सि.वि १ | ३१०००० | ४९९४६२ | ० | ८५०४६२ | ८५०४६२ |
| २. | ट्याक्टर ट्रिपर २ | ७०२००० | ५६६२०६ | ० | १२६८००६ | १२६८००६ |

यी साधनहरुको प्रयोग भएको कामको अभिलेख राखेको छैन । निर्माण कार्यमा प्रयोग भएको अवस्थामा जेसिविबाट भएको कामको लागत अनुमान, नापी किताव र कार्यस्वीकार प्रतिवेदन समेत तयार गरिनुपर्दछ।

३३ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको देखिएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३४ **आवधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा पालिकाले आफ्नो आधिकार क्षत्र भित्रका योजनामा स्थानीय तका विकासका लागी आवधिक योजना तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७६।७७-०८०।०८१ सम्मको लागी आवधिक योजना तयार गरी कार्यान्वियनमा ल्याएको छ । उक्त योजनामा क्षेत्रगत रुपमा बजेट अनुमान गरेको छ ।तर अनुमान गरी बजेट र कार्यक्रम अनुसार बार्षिक योजनामा बजेटको व्यवस्था गरी सवै योजनाहरुल्ाइ समेट्न सकेको देखिएन । वार्षिक योजना र आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ ।

३५ **राजश्व सुधार योजना-**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानुन बनाउन सक्ने व्यवस्था छ । पालिकाले आ.व. २०८१।०८२-०८३।०८४ सम्मका लागी राजश्व सुधार योजना तयार गरी कार्यान्वियनमा ल्याएको छ । सुधार योजना

कार्यान्वयन पश्चात राजश्व प्राप्तीमा वृदी हुँदै गइरहेको अवस्था देखिन्छ । राजश्व सुधार योजनाको कार्यान्वियनमा जोड दिदै राजश्वको क्षेत्र अभिवृद्धी गर्नु पर्दछ ।

३६ **योजना तथा बजेट कार्यान्वियन-**

३६.१ **योजना तथा वजेट कार्यान्वयन-** पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

• बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम पालिकाले आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको मिति २०८०/१२/३० को निर्णयबाट रु. ६ करोड २६ लाख ६३ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ८.९० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । साथै रकमान्तर गरेको रकम मध्ये ६६ योजनामा खर्च गरेको छ। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

• प्रगति - कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक निकायले अनुनुची २ वमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको समग्र कार्यक्रमको लक्ष्य तथा प्रगति विवरण तोकिएको ढाँचामा तयार गरेको देखिएन । सम्पादित कार्यक्रमको बार्षिक प्रगती प्रतिवेदन तथा उपलब्धि मापन गर्नुपर्दछ ।

• पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पूँजिगत खर्च रु १८४०१८८९३ बाट २७९ योजना तथा कार्यक्रम संचालन गरेकोमा २३८ योजना सम्पन्न ११ योजना ५० प्रतिशत सम्म प्रगति ५ योजना २५ प्रतिशत सम्म प्रगति र २५ योजना संचालन नभएको अवस्था देखिएको छ ।

पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

३६.२ **नीति तथा कार्यक्रम र लेखा श्रेस्ता-** नगरपालिकाले आ व २०८०/८१ को वार्षिक बजेट तथा नीति कार्यक्रमको आय व्यय अनुमान रु ७० करोड ३७ लाख गरी २०८०/३/३० मा बजेट स्वीकृत गरेको देखियो । बार्षिक बजेट नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा पालिकाले आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ बमोजिमको खर्च शीर्षक अनुसार खर्चको सरकारी मापदण्ड अनुसार खर्च लेख्नुपर्ने तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले नेपाल सरकारले निर्धारण गरे बमोजिम आय व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम सम्बन्धीत खर्च शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षको बजेट तथा कार्यक्रममा खर्च गर्दा नियमानुसार तोकिएको लेखा श्रेस्ता ढाँचा एव खर्च शीर्षकगत एकिन नगरी करिव रु १५ करोड बजेट खर्च लेखेको छ ।एक कार्यक्रमको रकम फरक शीर्षकमा खर्च लेखेको कतिपय लेखाश्रेस्ता अद्यावधिक तथा शिलसिलेवर रुपमा नराखेको अवस्था देखियो शीर्षकगत खर्च फरक परेकोमा आशिक मात्र हिसाव मिलान गरेको र बाँकी एकमुष्ठ रुपमा सभाबाट अनुमोदन गरेको देखियो । यसरी लेखाको सिध्यान्त र बजेट तथा कार्यक्रमको उदेश्य विपरित खर्च लेखी अवण्डा रुपमा फरक परेको खर्च शीर्षक अवण्डा अनुमोदन गर्ने पद्तीमा सुधार हुनुपर्दछ ।

३६.३ **मेयर आवास कार्यक्रम-** पालिकाले आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रममा रु ८० लाख बजेट व्यवस्थापन गरी मेयर आवास कार्यक्रम संचालन गरेको देखियो । पालिकाले यस कार्यक्रमबाट कार्यविधि बमोजिम प्रतिघर रु ३ लाखका दरले १४ घर निर्माणमा रु ४२ लाख खर्च लेखेको र घर हस्तान्तरण गरेको देखिन्छ । यस्ता कार्यक्रम गत विगतमा समेत संचालन भएकोले लाभग्रहीको अभिलेख अद्यावधिक गरी विवरण सार्वजनिकरण समेत गर्नुपर्दछ ।

३६.४ **उपमेयर सुत्केरी पोषण कार्यक्रम-** पालिकाबाट आ.व. २०८०/८१ मा उपमेयर सुत्केरी पोषण कार्यक्रममा रु १० लाख बजेट विनियोजन गरी कार्यक्रम संचालन गरेको देखिन्छ । उक्त कार्यक्रमबाट ३२५ जना सुत्केरी पोषण वापत प्रति सुत्केरी पोषण रु ३००० का दरले रु ९ लाख ७५ हजार खर्च लेखेको देखियो ।

३७ **नगर अस्पताल-**

नगरपालिका मातहत १५ शैयाको कनकाई नगर अस्पताल संचालनमा रहेको छ । नगर अस्पताल संचालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम संचालन हुने व्यवस्था र कार्यविधिमा लेखिएको व्यवस्था बाहेक स्वास्थ्य सेवा ऐन २०५३ स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । पालिका मातहतमा संचालित अस्पतालको गत विगत वर्षदेखी नै अस्पतालको आम्दानी प्राप्त नभएको र नेपाल सरकार अन्तर्गतका स्वास्थ्य तर्फका कुल १८ जना कर्मचारीहरु मध्ये ९ जना कनकाई अस्पतालमा कार्यरत रहेका र ९ जनाको तलब भत्ता वापतको रु ६४ लाख ३५ हजार वार्षिक खर्च भएको देखिन्छ । गत विगत वर्षदेखि नै स्वतन्त्र लेखापरीक्षणबाट उक्त अस्पतालको लेखापरीक्षण हुने पालिकाले जनाएकोमा आ व २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधिसम्म पेश भएको छैन । स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगर अस्पताल संचालन हुनुपर्ने सम्बन्धमा पालिकाबाट यकिन हुनुपर्दछ ।

३८ **ठेक्का व्यवस्था-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १७.८० देखि ४१.८६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको देखिन्छ । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी देहाय बमोजिमको योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **अधुरा योजना –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भुक्तानी दिन बाँकी दायित्व सारेका देहायअनुसार रु. २०२२७७३६४का १५ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत बजेटमा समावेश गरी सार्दै आएको छ। समयमानै सम्पन्न हुन नसकी अधुरो रहेका कारण सोको उपयोग हुन सकेको छैन। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **राजश्व तर्फ-**

४०.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५२९७१७१३३३। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु९००१४०९३ अर्थात अनुमान भन्दा ५८.८४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४०.२ **राजश्व असूली**- पालिकाको पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

| सि.नं. | राजश्वको नाम | २०७९।८० को असूली | २०८०।८१ को असूली | वढि |
|---|---|---|---|---|
| १ | आन्तरिक आय | ६३३४६६४१ | ९००१४०९३ | ४२ प्रतिशत |

पालिकाको गत वर्षको तुलनामा यस वर्ष ४२ प्रतिशतले बढी राजस्व असुली भएको देखिन्छ ।

४०.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५३०३०२६५ | ९००१४०९३ | २५.४९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २५.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४०.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** | **गत बर्षको असूली** |
|---|---|---|---|---|
| सम्पत्ति कर | १०४५०००० | १२४७१८३० | ११९.३५ | ९४२६४४६ |
| वहाल कर | ५०००००० | ६८८५३१८ | १३७.७१ | २०४५७९० |
| व्यवसाय कर | ५०००००० | ३६२८५१० | ७२.५७ | ३२३२३७० |
| पार्किङ शुल्क | ५००००० | ० | ० | ० |

पालिकाको विभिन्न प्रतिवेदन अनुसार यस बर्ष पालिकाले करदाताबाट रु. ३६२८५१०।– कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ ।पालिकाले गत बर्षको असूलीको तुलनामा यस बर्ष सम्पत्ति कर, बहाल कर व्यावसाय कर बढेको अवस्था देखिएको छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४०.५ **विज्ञापन कर**- नगरपालिका र साइनहव प्रा लि विराटनगर मोरङ्ग बीच आ व २०८०/८१ को लागि राजश्व परामर्श समितिको सिफारिस र कार्यपालिकाको निर्यणानुसार विज्ञापन कर संकलनको लागि न्यूनतम अंक रु ५ लाख मा रु ५१००००। कवोल गरी मिति २०८०/९/११ मा सम्झौता भएको छ । सम्झौता अनुसार रु ५१००००। (मूल्य अभिबृद्धि कर समेत) असुल गर्नुपर्नेमा रु ५०००। मात्र

मिति २०८०।९।११ मा दाखिला गरेको देखिन्छ । सम्झौता अनुसार नपुग रकम रु ५०५०००। असुल गरी रु ४४६३२८।पालिकाको राजश्व खातामा र रु ५१००००।को मूल्य अभिबृद्धि कर रु ५८६७२ संघीय राजश्व खाता ३३३१७ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०५,००० |

४०.६ **विरिङ नदी आय ठेक्का-** नगरपालिका र गैडे निर्माण सेवा बीच नदिजन्य पदार्थ संकलन तथा बिक्रि वितरण गर्ने कार्यको लागी राजश्व परामर्श समितिको सिफारिसमा रु २०३४५७६१ र कार्यपालिकाको निर्णय बमोजिम निर्माण सेवाको कबोल अंक रु २१११११५११। कवोल गरी २०८०/६/८ मा सम्झौता भएको छ । सम्झौता अनुसार २०८०/६/७ देखी २०८१/२/३० सम्म नदीजन्य पदार्थ उत्खनन तथा बिक्री वितरण गर्न IEE प्रतिवेदनमा तोकिएको ९१०१० घ मि परिमाण र अवधि तोकिएको परिमाण र अवधिमा मात्र उत्खनन भएको , उत्खनन गर्दा स्काभेटर जे सि वि प्रयोग भए नभएको र सो को अनुगमन भएको विवरण संलग्न रहेको देखिएन । यस सम्बन्धमा पालिकाबाट यकिन हुनुपर्दछ ।साथै गैडे निर्माण सेवा सँग भएको कबुलियतनामा फारामका आधारमा कार्य गरेको र छुटका शर्तहरु कबुलियतनामा फाराममा तोकेको छैन ।छुटका शर्तहरु सम्झौतामा स्पष्ट पार्नु पर्दछ ।

४०.७ **राजश्व बाँडफाँड -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **७,३१०,१२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४०.८ मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहको मूल्य अभिबृद्धि कर लाग्ने बस्तुको विक्री गर्दा मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले ढुङ्गा, गिटी, वालुवाको आय ठेक्का वापत गैडे निर्माण सेवा (६०४०३९२०२) बाट रु २९१६३३२ मु. अ. कर राजश्व शिर्षक ३३३१७ मा नै दाखिला भएको देखियो । मुल्य अभिबृद्धि कर समायोजन नपाउने रकम व्यवसायिको पान नं. बाट दाखिला हुँदा राजस्व शिर्षक संशोधन गरी समायोजन हुन सक्ने जोखिम देखिदा यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४०.९ **व्यवसाय कर-** पालिकाको आर्थिक ऐन, २०८० को दफा ५ ( अनुसूची-४) मा व्यवसाय कर लाग्ने व्यवस्था गरेको छ । पालिकाले राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोवार गर्ने बैङ्क, वित्तीय संस्था, सहकारी, होटेल, स्टेशनरी लगायत फर्मबाट पालिकाले २० व्यवसायीबाट व्यवसाय कर रु. १८,००० असुल गरेको देखिएन । आर्थिक ऐन अनुसार व्यवसाय कर असुल गर्नु पर्ने रु.

| क्र.सं. | करदाताको नाम | मूल्याङ्कनउप–समूह | रकम |
|---|---|---|---|
| १ | महमद अली हक-09-30-0037 | कृषि तथा पशुपालन गाई भैसी फलफुल मासु डेरी लगायतका | १००० |
| २ | संझना खत्री-09-35-0038 | कपडा तथा रेडिमेट पशल सम्बन्धी व्यवसायहरु | १००० |
| ३ | गिता प्रसाई चुडाल-03-08-0088 | होटल व्यवसाय | १००० |
| ४ | रुपा शाह-03-32-0143 | कपडा तथा रेडिमेट पशल सम्बन्धी व्यवसायहरु | १००० |
| ५ | रन्जु मिश्र-03-32-0155 | कृषि तथा पशुपालन गाई भैसी फलफुल मासु डेरी लगायतका | १००० |
| ६ | दिल कुमारी सिटौला-05-23-0028 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| ७ | गंगा बहादुर पौड्याल-03-08-0092 | होटल व्यवसाय | १००० |
| ८ | शिला खवास-07-36-0024 | होटल व्यवसाय | १००० |
| ९ | जानुका देवी आचार्य दाहाल-00-13-0770 | होटल व्यवसाय | १००० |
| १० | सावित्रा ओली-00-35-2144 | कृषि, फलफुल, सागसब्जी सम्बन्धी व्यवसायहरु | १००० |
| ११ | रन्जना राजवंशी-05-32-0027 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| १२ | बद्रीकुमार काफ्ले-00-28-0690 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| १३ | अमान हुसेन-09-01-0010 | कपडा तथा रेडिमेट पशल सम्बन्धी व्यवसायहरु | १००० |
| १४ | शान्तादेबी प्रधान-00-36-0430 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| १५ | हरिबहादुर आचार्य-00-38-0654 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| १६ | ढुणडीराज कोइराला-00-19-0010 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| १७ | अम्बिका कार्की-00-01-0058 | तरकारी खेती अन्न तेलहन खसी लोकल कुखुरा तथा माछा पालन | १००० |
| १८ | दिनानाथ निरौला-01-23-0065 | किराना पसल मदिरा र सुर्तिजन्य कारोबार बाहेक | १००० |
| | | जम्मा | १८००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

४०.१० **नवीकरण शुल्क-** पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा ३९ इजाजतपत्र लिएका निर्माण व्यवसायिहरुमध्ये आ.ब. २०८१।८२ मा नवीकरण भएको छैन । ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई गत वर्षको ११२५०० र यस वर्षको रु ७२००० थप नवीकरण दस्तुर समेत लिई असुल असूल गर्नुपर्ने रु

| क्र स | निर्माण व्यवसायी | गत वर्षको | चालु आ व को |
|---|---|---|---|
| १ | रोनिक निर्माण सेवा | ० | ६००० |
| २ | कनकाई एग्रिग्रेट एण्ड निर्माण सेवा प्रा लि | १०००० | ६००० |
| ३ | सिद्दार्थ सृष्टी कन्स्ट्रक्सन | ५००० | ६००० |
| ४ | आर टि पाथिभारा निर्माण सेवा | ० | ६००० |
| ५ | गोपियन कन्ट्रक्सन | ५००० | ६००० |
| ६ | फ्रेन्डस अरनिक कन्स्ट्रक्सन | १५००० | ६००० |
| ७ | मुनाल कन्स्ट्रक्सन | १५००० | ६००० |
| ८ | मिन्सुना निर्माण सेवा | १५००० | ६००० |
| ९ | हनि निर्माण सेवा | १५००० | ६००० |
| १० | आठराई कन्स्ट्रक्सन | १७५०० | ६००० |
| ११ | रुद्रमुखी निर्माण सेवा | १५००० | ६०००6000 |
| १२ | सृजना एण्ड सुजन कन्स्ट्रक्सन | ० | ६००० |
| | | ११२५०० | ७२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,००० |

४०.११ **सामुदायिक वनको आय** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत ५ वटा सामुदायिक वन दर्ता भएकोमा पालिकालाई लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको देखिएन । वन पैदावारको विक्री वापतको प्राप्त हुने रकम वन कार्यालयसँग समन्वय गरी असूल गर्नु पर्दछ ।

## ४१ माई मेला आय ठेक्का-

४१.१ नगरपालिका र छाँया भरत कन्स्ट्रक्सन सप्लायर्स बीच माई मेला आय ठेक्काको लागि आ व २०८०/८१ मा राजश्व परामर्श समितिको सिफारिस र कार्यपालिकाको निर्णयानुसार रु १० लाख न्यूनतम अंक कायम गरेकोमा रु २४०१८७७।१५ मा कवोल गरी २०८०/१०/१ मा कबुलियत फाराम सम्झौता भएको छ । पालिकाको मिति २०८०/९/६ को पहिलो सूचनामा कुनैपनि दरभाउपत्रबाट छाँया भरत कन्स्ट्रक्सनसँग २०८०/९/२८ देखि २०८०/१०/२ सम्मको लागि सम्झौता भएको देखिन्छ पालिकाको आर्थिक ऐन २०८० को अनुसूची १५(३) मा बार्षिक रुपमा नगरपालिकाबाट लगाउने आन्तरिक आय ठेक्काको रकम सम्झौता हुँदाका वखत एकमुष्ठ बुझाएमा मात्र १० प्रतिशत छुट दिन सकिने व्यवस्था छ तर पालिकाले आर्थिक ऐन अनुसार एकमुष्ठ रुपमा रकम जम्मा नगरेको अवस्थामा समेत १० प्रतिशत छूट दिइ रु २१८९३२२ राजश्व दाखिला गरेको देखिन्छ । उक्त आय ठेक्काको रकम मिति २०८०/१०/१ मा रु. १२ लाख मिति २०८०/९/२९ मा रु ५ लाख र मिति २०८०/१०/१ मा रु १८४३२२ गरी रु. १८८४३२२ पालिका खातामा र रु. ३०५००० धरौटी खातामा दाखिला भएको छ । पालिकाबाट मिति २०८०/९/२८ देखि लाग्ने मेलाको सूचना प्रकाशनमा उल्लेख भएकोमा २०८०/१०/१ को कबुलियतनामा सम्झौता र आर्थिक ऐन अनुसारको एकमुष्ठ राजश्व दाखिला नभएको अवस्थामा समेत रु २१२५५५ छूट दिएको छ। उक्त छुट दिएको आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१२,५५५ |

४१.२ उल्लेखित आय ठेक्का बापत प्राप्त भएको रकम रु २१८९३२२। मध्ये रु ३०५०००। पालिकाको धरौटी खातामा जम्मा गरेको देखिन्छ । आय ठेक्का वापतको धरौटी खातामा जम्मा गरेको रकम सदरस्याहा गरी पालिकाको राजश्व खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०५,००० |

४१.३ माई मेला आय ठेक्काको मु अ कर बाहेकको सम्झौता रकम रु २१२५५५२ को मूल्य अभिबृद्धि कर रु २७६३२२ पालिकाको खातामा जम्मा गरेको देखिएको छ । उक्त मूल्य अभिबृद्धि कर संघीय राजश्व खाता ३३३१७ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७६,३२२ |

४२ **पुँजीगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजिगत शिर्षकबाट रु १८४०१८ हजार खर्च गरेकोमा रु ११९६७५ हजार अर्थात् ६५ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.९९८५ हजार अर्थात ५.४२ प्रतिशत र उपभोक्ता समितिबाट रु. ५४३३८ हजार अर्थात २९.५३ प्रतिशतको खरिद गरेको छ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

४३ **सम्भाव्यता अध्ययन/डि.पि.आर-**

सार्वजनिक खरिद ऐन 2063 को नियम 8.9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत विगत वर्षका ७ डि पि आर निर्माणमा रु ५११११५५ खर्च गरेको विवरणबाट देखिएको छ । यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

४४ **सफ्टवेयर खरिद र परिचालन-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर विभिन्न २ सफ्टवेयरहरुमा गत वर्षसम्म मर्मतमा रु ३६४९०९ भुक्तानी र यस वर्ष Tax maping and gis software खरिदमा रु ६८७०४७ सहित रु १०५१९४९ भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवयर संचालनको स्वीकृति र Tax maping and gis software सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको र source code लिएको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने निरन्तर व्यवस्था मिलाउनुपर्दछ।

४५ **कन्टिन्जेन्सी खर्च** -

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी दैनिक भ्रमण भत्तामा रु ४१९९४ मर्मतमा रु १५६५९७ र अन्य रु ९८६१९० समेत रु ११८४७८१।४० खर्च लेखेको देखियो । कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख तयार गर्नुपर्दछ ।

४६ **म्याद थप-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले म्याद थपमा एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ पालिकाले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । सम्झौतामा व्यवस्था भए अनुसार नियमावलीको नियम १२८ बमोजिमको उपचार प्राप्त कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

| क्रस | ठेक्कानं | निर्माणकार्य | सम्झौतामिति | सम्पन्नगर्नुपर्ने मिति | हालसम्मको भुक्तानि | म्यादथप पछि सम्पन्न गर्नुपर्ने मिति | सुरुअवधिको म्याद थप प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | kanakai/NCB/Works/4/080-81 | पञ्चायत मार्ग कालोपत्रे निरन्तरता । | 27/12/2080 | 3/15/2081 | 7,726,877.00 | 6/30/2081 | 71.42 | |
| २ | kanakai/NCB/Works/5/080-81 | वडा नं ४,६ र ८ को वडा कार्यालय भवन निर्माण | 10/1/2081 | 3/15/2081 | 6,090,141.00 | 9/30/2081 | 100 प्रतिशत भन्दा वढि रहेको । | |
| ३ | kanakai/NCB/Works/9/080-81 | विभिन्न सडक कालोपत्रे (सडक वोर्ड) | 1/2/2081 | 3/18/2081 | 4,553,414.00 | 11/30/2081 | 100 प्रतिशत भन्दा वढि रहेको । | कार्यक्रमसम्पन्न गर्नको लागि सडक वोर्डको स्रोत सुनिश्चिताको पत्र मिति २०८१/०६/१३ गतेमात्र प्राप्त भएकोले सोहि अनुसार कार्य सम्पन्न हुने गरि म्याद थप गरिएको । |

४७ **अस्पताल भवन निर्माण (ठेक्का नं. KANAKAI।NCB।WORKS।५।०७७।७८)**

नगरपालिकाले रू.७,५६,४६,९४०।१४ लागत अनुमान रहेको १५ शैयाको अस्पताल निर्माण कार्य कार्यादिश भएको मिति (२०७८।९।३०) ले २४ महिना (२०८०।९।३०) भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कार्की बन्धु कन्सट्रक्सनसँग २०७८।६।२१ मा रु.५,६५,१९,५३८।८९ को खरिद सम्झौता गरेको छ । प्रथम पटक २०८०।१०।२२ वसेको कार्यपालिकाको वैठकको निर्णयवाट २०८१।९।२९ सम्म म्याद थप भएको छ । उक्त कार्यमा हालसम्म ४ वटा रनिङ्ग विलवाट रू.२,७७,०६,४७२।२० भुक्तानी भएको छ । यो वर्ष निर्माण व्यवसायीले चौथो विलवाट रु.९५,९३,९३७.९९ वारवरको कार्य गरी विल पेश गरेकोमा नगरपालिका पूँजीगत शिर्षकवाट

रु. ५०,००,०००/- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमवाट रु. २६,४८,०००/- भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्

४७.१ • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम बमोजिम सम्झौता बमोजिमको अवधि भित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी तथा कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्नुपर्ने साथै कार्य सम्पादन जमानतको म्याद ठेक्का संझौताको म्याद सकिने मितिले त्रुटी सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ।

• पालिकावाट निर्माण व्यवसायीलाई म्याद थप दिएकोमा संझौतामा उल्लेख भए अनुसार कार्य गर्ने कार्य तालिका समेत पेश गरेको देखिएन । जसका कारण निर्माण व्यवसायीले तोकिएको समयमा समेत कार्य सम्पन्न गर्न सक्ने अवस्था देखिएन ।

४७.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,९३९,०७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८ **प्रदेश सरकारवाट हस्तान्तरिक समपुरक कार्यक्रम: (ठेक्का नं. ४ Kankai/ NCB/Works/२०८०/०८१ पञ्चायत मार्ग )**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **२,७७०,५०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४९ **कन्काई-विर्ता-अर्जुन नविकरणीय उर्जा तथा फोहर मैला व्यवस्थापन-**

स्थानीय सरकार संचालन ऐन २०६४ को दफा २४ (६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कनकाई विर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडको दिगो सञ्चालन व्यवस्थापनका लागि तयार गरेको फोहोरमैला व्यवस्थापन संयुक्त लगानी परियोजना प्रस्ताव, २०७९ बमोजिम उक्त संस्थामा रु. २५४०१५९४।४७ (१५ प्रतिशत) सेयर लगानी गर्न यस वर्ष कार्यपालिका निर्णयानुसार रु. ६५,००,०००/- उक्त कम्पनीलाई शेयर लगानी रकम भुक्तानी गरेको छ । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहाय अनुसार छः

४९.१

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४९.२

पाइपलाई विस्तार कार्य भनी प्राप्त सशर्त अनुदानवाट रु.१५०२०००/- निकासा भएकोमा कार्यक्रममा तोके वमोजिमका काममा प्रयोग नभई विभिन्न फिटिङ्गका सामान खरिद भएको देखियो । कार्यक्रममा तोके विपरित खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,०२,००० |

५० **जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रम, कारितास नेपाल-**

कनकाई नगरपालिकाले कारितास नेपाल नामक गैरसरकारी संस्थासँग २०८१ ।२।३० सम्म कार्यान्वियन अवधि रहेको "जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रम" संचालन गर्न मिति २०८०।६।८ मा कुल लागत अनुमान रु. ४५,०६,७५०।– मा नगरपालिका अनुदानबाट रु. १९,१८,४५०।– तथा संस्थाको तर्फबाट रु. २५,८८,३००।– बेहोर्ने गरी सम्झौता गरेको देखियो । कार्यक्रमका नाममा यस वर्षको बजेट खर्च रु.१८,५५,७४२।- लेखेको छ । विकास कार्यक्रमको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र विकास कार्यक्रममा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि जैविक तथा आई.पि.एम. खेती प्रवर्द्धन कार्यक्रमका लागि नगरपालिकाले अनुमानित लागत रु.१८,५५,७४२।- बेहोर्ने गरी लागत साझेदारीको नाममा कारितास नेपालसँग सम्झौता गरेको तथा कार्यक्रम कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

५१ **प्रदेश सरकार पूँजीगत**- (२१-२०८१-३-२३):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **९९६,४८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **कनकाई माध्यमिक विद्यालय खेल मैदान निर्माण ( १८/२०८१।३।२३)**

कनकाई माध्यमिक विद्यालयलाई खेल मैदान निर्माण सुधार गर्न प्रदेश सरकारवाट प्राप्त कार्यक्रमको लागि रु. २८,००,०००/- विद्यालयको खातामा निकासा गरेको देखियो । विद्यालयले उपभोक्ता समिति मार्फत कार्य गरेको देखियो । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

५२.१ **दर विश्लेषण-** निकासा भएको रकम मध्ये वास्केटवल पोष्ट निर्माण रु. २८००००/- मा खरिद गरेको देखियो उक्त वास्केट वलका पोष्ट प्रति पोल रु. १४००००।– को दर विश्लेषण गर्दा लमसम दर कायम गरिएको देखियो । दर विश्लेषण हुँदा स्पेशिफिकेशन खुलाइएको छैन । स्पेशिफिकेशन खुल्ने दर विश्लेषण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८०,००० |

५२.२ **माटो खरिद-** विद्यालयको पुरानो खेल मैदान पुर्ने कामको लागि दर रेट १६० मा ३ किलो मिटरको क्वाइरी साइट राखी रु. ३२०/- प्रति घन मिटरका दरले २६३० घन मिटरको जम्मा रु. ८,४१६,००/- खरिद गरेको विल पेश गरेको छ । माटो खरिद गर्दा ३ किलो

मिटर क्वाईरी साईट राख्ने कारण स्पष्ट खोलिएको छैन । माटो खरिद हुँदा कुनै सार्वजनिक सुचना प्रकासन नगरी सोझै राजेन्द्र निरौलासँग खरिद गर्नु नियमसम्मत नदेखिएको रु.

स्थलगत निरीक्षण : पालिकाका कर्मचारी (प्राविधिक समेत) र लेखापरीक्षण टोलीको संयुक्त अनुगमनको क्रममा उक्त विद्यालयको खेल मैदानमा किनेर ल्याएको भनिएको माटो खोलावाट ल्याइको भन्ने अवगत भयो। पालिकको भनाई अनुसार खोला भएको स्थान समेत निजी व्यक्तिको नाममा रहेको भन्ने छ ।

| | |
|---|---|
| अनियमित भएको | ८,१६,००० |

५३ **विद्यार्थीलाई पोशाक खरिद ( ठेक्का नं. KANKAI/NCB/GOODS/2080-81/02)-**

नगरपालिका रहेका सवै सामुदायिक विद्यालयमा अध्ययनरत ४ वर्ष देखि १३ वर्ष सम्मका ४५५४ विद्यार्थीको लागि विद्यालय पोशाक ट्राउजर र सुपरपोली १८० जी.एस.एम. भेष्टका लागि प्रति सेट रु.५८३/- भ्याट वाहेक रु. २६५४९८२/- ( रु.३०००१३० मू अ कर समेत) को लागत अनुमान तयार गरी ठेक्का आह्वान भएकोमा ३ वटा लवोलपत्र दाखिला भएको देखिन्छ । सवभन्दा कम दर पेश गर्ने एभरेष्ट स्कूल अफ युनिफम प्रा लि जोरपाटीले रु.२०,२७,५३१।८८ कवोल गरेकोमा निजको गुणस्तर कम भएको भनी विशेषज्ञ भवानी खतिवडाको सिफारिश समेतका आधारमा दोस्रो कम दर कवोल गर्ने श्रद्धा एडभर टाइजिङ्ग एण्ड सप्लायर्स प्रा. लि. ले कवोल गरेको भन्दा रु.१,५४,३८१/- वढी अर्थात रु.२१,८१,९१२।४८ मा मिति २०८०।१२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०८०।११।८ मा संझौता गरेको देखियो । पालिकाले सवभन्दा कम दर कवोल गर्ने फर्मलाई नदिए दोस्रो न्यून दर पेश गर्ने फर्मसंग संझौता गर्दा स्पेशिफिकेश अनुसार सुपरपोली १८० जी.एस.एम. हुनुपर्नेमा सुपरपोली १६० जी.एस.एम. मात्र भएकोमा न्यून दर कवोल गर्ने आपुर्तकको ल्याव रिपोर्ट वा गुणस्तार प्रमाण पेश भएन । एभरेष्ट स्कूल अफ युनिफम प्रा. लि. जोरपाटीले पेश गरेको नमूना सुपरपोली १६० जी.एस.एम. मात्र भएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,८१,९१२ |

५४ **वन तथा भू संरक्षण तथा जैविक विविधता ( गौश्वार भौचर नं १०/२०८१।३।२०)-**

कनकाई नदी नियन्त्रणको लागि रु. ४९,९१,०३७/- लागत अनुमान तयार भई मिति २०८१।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग संझौता गरेको देखियो । उक्त कार्यको लागि नगरपालिकाको वजेटवाट रु. ३०,०४,६१३/- र संघीय सरकारवाट प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रमवाट रु.१९,८६,४२४/- समेत जम्मा रु. ४९,९१,०३७/- खर्च भएको छ । सो सम्वन्धमा निम्न व्यहोरा देखियो ।

उपभोक्ताले मेसिन मेड ग्याविन वक्स खरिद रु. १५,६४,७४५/०३ तथा रु. १३,८४,५००/- का ढुंगा खरिद समेत जम्मा रु. २९,४९,२४५/- का निर्माण सामाग्री खरिद भएको छ । उपभोक्ताको कुनै जनसहभागी नरहेको कार्यमा सामान खरिद गर्न उपभोक्तालाई रकम भुक्तानी भएको अनियमित देखिएको रु.

• कनकाई नदीमा अन्य निकायले समेत यस्ता कार्यमा काम गर्ने भएकोले दोहोरो हुने भएकोले ती निकायमा समेत समन्वय गरी कार्य हुनुपर्दछ ।

(दुई पटकसम्म पनि ग्याविन वक्स खरिद र जालि भर्ने कामको वोलपत्र आह्वान गर्दा समेत कुनै वोलपत्र नपरेको कारण उपभोक्तावाट सामान खरिद गरेको पालिकाको भनाई रहेको छ ।)

| | |
|---|---|
| अनियमित भएको | २९,४९,२५४ |

५५ **जनपथ मार्ग कालोपत्रे ( ठेक्का नं.८/kankai/NCB/cons/2080-81)-**

संघीय सरकार र पालिका वीच समपुरक जनपथ मार्ग कालोपत्रे निर्माण लागि ठेक्का आह्वान भएकोमा एस.जे.फोर्टी विल्डर्ससंग रु.५० ,४०,३५१।८७ (मूल्य अभिवृद्धि कर र पिएस समेत) बराबर रकममा मिति २०८१।३।५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।१। २० मा संझौता गरेको देखियो । सो सम्वन्धमा निम्न थप व्यहोरा देखिए ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,३३१,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६ **जनपथ मार्ग कालोपत्रे ( ठेक्का नं.1/kankai/NCB/cons/2080-81)-**

संघीय सरकार र पालिका वीच समपुरक जनपथ मार्ग कालोपत्रे निर्माण लागि ठेक्का आह्वान भएकोमा एस.जे.फोर्टी विल्डर्ससंग रु. १,११,३५,८९३। (मूल्य अभिवृद्धि कर र पिएस समेत) बराबर रकममा मिति २०८१।२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति निर्माण व्यवसायीले थप म्यादको लागि पालिकालाई निवेदन समेत दिएको देखिएन । सो सम्वन्धमा थप निम्न व्यहोरा देखिए ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **५०७,०४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **वडा नं.४, ६र ८ कार्यालय भवन ( ठेक्का नं./kankai/NCB/cons/**

संघीय सरकार र पालिका वीच समपुरक अनुदान साझेदारीमा वडा नं.४,६र ८ को वडा कार्यालय भवन निर्माण लागि रु. १,०१,६२,३९८।०९( मूल्य अभवृद्धि कर र पिएस ) को लागत अनुमान तयार भई ठेक्का आह्वान भएकोमा फुङ्गफुङे शैलेश्वरी निर्माण सेवासंग रु. ८३५३१७३।२६ (मूल्य अभिवृद्धि कर र पिएस समेत) बराबर रकममा मिति २०८१।३।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।१।१० मा संझौता गरेको देखियो । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेको कारण प्रथम पटक कार्य पालिकाको मिति २०८१।३।२८ को निर्णयले २०८१ पौष मसान्तसम्म म्याद थपेको देखिन्छ । लेखापरीक्षण अवधि २०८१।९।२७ सम्ममा पनि उक्त निर्माण कार्यको निर्माण सम्पन्न भएको देखिएन । निर्माण व्यवसायीले थप म्यादको लागि पालिकालाई निवेदन समेत दिएको देखिएन ।सो सम्वन्धमा थप निम्न व्यहोरा देखिए ।

• संघीय सरकार र पालिका वीच भएको संझौता वमोजिम संघीय सरकारको ५० प्रतिशत तथा पालिकाको ५० प्रतिशत लागत सहभागितामा खर्च व्यहोरिने गरी वजेट व्यवस्था भएकोमा उक्त निमार्ण कार्य हालसम्म रु.६०,९०,१४१/- मा कार्य सम्पन्न भएको छ । उक्त कार्यमा कन्टिजेन्सी समेत रु.६१७१६६१/- खर्च लेखेकोमा संघीय सरकारको रु.३०८५८३०/- मात्र खर्च हुनुपर्नमा रु. ४२६६५३४/- खर्च भएकोले वढी खर्च भएको संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रु.

| गो. भौ. नं. / मिति | रकम | कैफियत |
|---|---|---|
| २३।२०८१।३।१७ | ३०१९५२२ | संघीय सरकार |
| ३६।२०८१।३।२४ | ११६६८४७ | संघीय सरकार |
| | १९८५२९२ | नगरपालिका |
| जम्मा | ६१७१६६१/- | कन्टिजेन्सी रु. ८१५२०/- समेत |

स्थलगत निरीक्षण: लेखापरीक्षणको क्रममा पालिकाका कर्मचारी र लेखापरीक्षण टोलीको संयुक्त स्थलगत निरीक्षण हुँदा वडा ८ को भवन कार्य सम्पन्न नभई अधुरो रहेको देखियो । भवनमा रंगरोगन तथा फनिसिङ्गको काम वाँकी नै रहेको देखियो । तीनै वडाको एकमुष्ठ लागत अनुमान तयार भएकोले भवन अधुरो रहेको देखियो । थप काम गराई समय मै कार्य सम्पन्न हुनुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,१८०,७०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५८ **पानी तान्ने मोटर खरिद ( ठेक्का नं. 01/NCB/NGP/IRRRMTR/2080-81)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले २hp का मोटर खरिद गरी नगरपालिकाको ८५ प्रतिशत र कृषकको १५ प्रतिशत लागत सहभागितामा खरिदका लागि २०५ थान मोटरको प्रतिथान रु.२५,७००/- को रु. ५२,६८,५००/- लागि ठेक्का आह्वान भएकोमा न्यूनतम अंक रु. ३८,२२,२२५/- कवोल गर्ने अमृतवानी सुपर सप्लायर्ससंग मिति २०८०।११।१८ मा खरिद संझौता गरेको देखियो । पालिकाले पुन ३९ थान थप गरी जम्मा २४३ थान मोटर खरिद गरी वितरणको लागि सहयोगी संस्था हेपरलाई हस्तान्तर गरी दिएको देखिन्छ । खरिद भएका २४३ थान मोटर मध्ये ५ थानको प्रति रु.१८६४५/- सम्वन्धित सेवाग्राहीलाई वितरण गरेको देखिएन । सम्वन्धितलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ९३,२२३ |
|---|---|

५९ **स्यालो ट्यूवेल मोटर जडान ( गौश्वार भौचर नं १७/२०८१।३।२३)-**

सार्वजनिक खरिद नियमावली, २०६४ संझौता को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले जल उपभोक्ता समिति वडा नं.२ संग मिति २०८१।१।२७ मा जनसहभागिता समेत रु.४१,४२,३८४/- मा ४ वटा ५ H.P.का मोटर सहित जडान गर्ने कार्यको भई रु.४१,४२,३८७/- मा कार्य सम्पन्न भएको देखियो । प्रदेश सरकारवाट प्राप्त रु.३०,००,०००/- र नगरपालिकाको विविध कार्यक्रमवाट रु ८००,०००/- समेत कुल रु. ३८,००,०००/- भुक्तानी भएको छ । सो सम्वन्धमा देखिएका थप व्यहोरा निम्न छन्

५९.१ उपभोक्ताको नाममा पाथिभरा डीप वोरिङ्ग एण्ड कन्स्ट्रक्सनले रु.३५,७६,२८०/- विजक जारी गरी भूक्तानी दिएको छ । उपभोक्ताले गर्ने नसक्ने जटिल प्रकृतिको काम दिएको नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ३५,८६,२८० |
|---|---|

५९.२ १२” Dai का ४०० मिटर प्रति मिटर रु. ४,१८६/- का दरले रु. १६,७४,४००/- वोरहोल गरेको भनी उपभोक्ता विल तयार भएको छ । उक्त कार्यको नापी तयार हुँदा १०० मिटरमा पानी आएको देखाएको छ । वोरहोल ४०० मिटर भएको प्रमाणित गर्ने प्राविधिक पुष्ट्याई लेखापरीक्षण क्रममा पेश भएन ।

६० **लाभग्राही छनौट**- (२५-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा ) शिर्षक अर्न्तगत आई.टी. सोलुसन प्रा.लि. विर्तामोट – ५ झापावाट Bic 114 Intarared cooktop Feel १६० थान चुलो प्रति थान ४९७२/- का दरले जम्मा रु. ७,९५,५२०/- मा खरिद भएको देखियो । खरिद भएका उक्त चुलोको ग्यारेन्टी सामान उपलव्ध गराएको १ वर्षसम्म मात्र रहेकोमा आर्पूर्तकले स्पेसिफिकेशन अनुसारको ग्यारेण्टी लिएको देखिएन।स्पेसिफिकेशन बमोजिम चुलो प्राविधिकवाट प्रमाणित भएको देखिएन । हालसम्म पनि वितरण नगरिएकोले ग्यारेण्टी अवधि समेत सकिने अवस्था छ । खरिद भएका सामान सम्वन्धित सेवाग्राहीलाई नवुझाई पालिकामा नै स्टोर गरी राखेको देखियो । उक्त खरिद गरिएका सामाग्री वितरण नभएको तथा वितरणको लागी लाभग्राही छनौट नभएको, लागत सहभागिता यकिन नभएको अवस्था छ। उक्त चुलो वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ७,९५,५२० |
|---|---|

६१ **"साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" हेफर प्रोजेक्ट नेपाल**

कनकाई नगरपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८३।३।१६ मा सम्म कार्यान्वयन अवधि रहेको "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" संचालन गर्न कुल बजेट रु. ३,४०,५८,३२१/- को ७० प्रतिशत रकम रु. २,३८,४०,८२५.०० नगरपालिकाले बेहोर्ने गरी मिति २०८०।१०।९ गते सम्झौता गरेको छ । प्रोजेक्टको उद्वेश्य : साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रमको मुख्य उद्वेश्य निम्नानुरा रहेकको छ ।

• आबद्ध लाभग्राहीलाई स्वावलम्बी समूहहरू तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि गर्नु,

•व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु तथा बजार व्यवस्थापनमा सुधार गर्नु,

• सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,

६१.१ **साझेदार संस्थाको वजेट खर्च-** विकास कार्यक्रम व्यवस्थापनको नेतृत्व हेफर प्रोजेक्ट नेपालले गर्ने र विकास कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपाल र गैर सरकारी संस्था अभियान नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले विकास कार्यक्रम साझेदार संस्था अर्थात नगरपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा नगरपालिकाले सो विकास कार्यक्रमका नाममा यस वर्षको बजेट खर्च रु.७२,२१,५५७।– मध्ये उपभोक्ताको योगदान समेत लेखेको छ । विकास कार्यक्रमको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना भएको देखिएन । संझौतामा तोकिए वमोजिम नगरपालिकाको रु.७२,२१,५५७।– साझेदारी संस्थाको रु.३०,९४,९५३/- खर्च हुनुपर्नेमा रु. १३६०५०२/- मात्र खर्च गरेको छ। संझौतामा तोके वमोजिम रु. १७,३४,४११/- समानुपातिक खर्च नभएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १७,३४,४११ |

६१.२ आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। विकास कार्यक्रम संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप नगरपालिकाले स्वीकृत गरेको छैन । हेफर प्रोजेक्ट नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक खोर निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनुका साथै सो संस्थाले पुनः अर्को स्थानीय संस्था अभियान नेपालमार्फत सेवा प्रदान गराएको हुँदा अभियान नेपाललाई हुने भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ । तर सो सम्बन्धी खुलासा गरेको पाइएन। उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा विकास कार्यक्रम संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रु. रु.७२,२१,५५७।- मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्राकृतिक भुक्तानीमा कर कट्टी गर्न निक्र्यौल गर्नुपर्दछ ।

६१.३ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । नगरपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास कार्यक्रम व्यवस्थापन र संचालनका लागि सम्झौताका

आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो विकास कार्यक्रमको कार्यान्वयन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था अभियान नेपाल मार्फत गराएको छ । पहिलो पक्षको नगरपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै विकास कार्यक्रमको कार्यान्वयन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वयन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

६२ **ससर्त कृषि कार्यक्रम** -

वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा सम्बन्धित कार्यक्रम संचालन मार्गदर्शन तथा कार्यविधिको आधारमा मात्र गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न कृषि ससर्त तर्फको कार्यक्रम समेत हेफरमार्फत कार्य गर्न संस्थालाई भुक्तानी भएको छ । संघीय ससर्त कार्यक्रम विषयगत शाखाबाट संचालन हुनुपर्दछ । सो सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

| भौ नं र मिति | कार्यक्रमको नाम | संस्थालाई भुक्तानी |
|---|---|---|
| ३००/२०८१/ ०३/ २४ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान( धान,गहुँ) | ११,०४,०००.०० |
| | उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान | १,५०,०००.०० |
| | सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरीक्षण | ४२,६१२.०० |
| जम्मा | | १२,९६,६१२.०० |

६२.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **४०८,८८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२.२ **उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३८,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३ **सोझै खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले निम्नानुसारका निर्माण कार्यको लागि पटक पटक गरी विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिदमा रु. ९९ लाख ८५ हजार खर्च गरेको छ । जुन पालिकाका पुँजीगत खर्चको ५.४२ प्रतिशत रहेको छ। पालिकाले वोलपत्र मार्फत सडक निर्माणका योजना कार्यान्वयनमा योजना लागत अनुमान भन्दा १७.८० देखि ४१.८६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको देखिन्छ। पालिकाबाट यस प्रकारको निर्माण कार्य गर्दा भौगोलिक अवस्था र कामको प्रकृति मिल्ने गरी सकेसम्म प्याकेज तयार गरी मितव्ययी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **सोझै खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । साथै नियमावलीको नियम ८५ (१) वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमा भन्दा वढी रकमको एउटै व्यक्ति ,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्ने नसकिने उल्लेख छ । यो वर्ष पालिकाले देहाय बमोजिमको कार्यालय सामाग्री पटक पटक सोझै खरिद गरी रु. ५८७७६६९ खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार खरिद कार्य नगरेको नियमसम्मत नदेखिएको रु.

| क्र स | गो भौ नं. | भुक्तानी विवरण | प्रयोजन | मुल्य |
|---|---|---|---|---|
| १ | १५८४/०८१/३/२२ | आर्जन स्टेशनरी | कार्यालय सामाग्री | १७०२५९ |
| २ | १६५३/०८१/३/२४ | श्रद्धा एडभरटाइजिङ एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ३१४३२६ |
| ३ | ११५०/०८१/२/२४ | स्वर्णिम इन्टरप्राइजेज | कार्यालय सामाग्री | ३८३३२४ |
| ४ | १६४२/०८१/२/२४ | आर्जन स्टेशनरी | कार्यालय सामाग्री | ३२२२१९ |
| ५ | १५८६/०८१/३/२२ | विभिन्न ३ | कार्यालय सामाग्री | १४५८९८ |
| ६ | २६६/०८०/७/२ | श्रद्धा एडभरटाइजिङ एण्ड सप्लायर्स | कार्यालय सामाग्री | २०३४२० |
| ७ | २६५/०८०/७/२ | भाग्यरुपा प्रिन्टिङ प्रेस | कार्यालय सामाग्री | ४७०५५४ |
| ८ | ९४०।०८०।१२।८ | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ८१२८१ |
| ९ | ९८०।०८०।१२।१० | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ४८०३६३ |
| १० | ११८७।०८१।२।१० | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | १६७३८५ |
| ११ | १६५४।०८१।३।२४ | श्रद्धा एभरटाइजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ६५११९० |
| १२ | ४८।०८१।१।३१(नगरपालिका शिक्षा) | श्रद्धा एभरटाइजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मशलन्द तथा कार्यालय सामाग्री | ९४५०० |
| १३ | १६६०।०८१।३।२४ | श्रद्धा एभरटाइजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ९४६०१ |
| १४ | ९४०।०८०।१२।८ | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ८१२८१ |
| १५ | ९८०।०८०।१२।१० | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ४८०३६३ |
| १६ | ११८७।०८१।२।१० | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | १६७३८५ |
| १७ | १६५४।०८१।३।२४ | श्रद्धा एभरटाइजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ६५११९० |
| १८ | ४८।०८१।१।३१(नगरपालिका शिक्षा) | श्रद्धा एभरटाइजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मशलन्द तथा कार्यालय सामाग्री | ९४५०० |
| १९ | १६६०।०८१।३।२४ | श्रद्धा एभरटाइजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ९४६०१ |
| २० | ९४०।०८०।१२।८ | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ८१२८१ |
| २१ | ९८०।०८०।१२।१० | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | ४८०३६३ |
| २२ | ११८७।०८१।२।१० | आर्जन पुस्तक एण्ड स्टेशनरी सप्लायर्स | मशलन्द तथा कार्यालय सामाग्री खरिद | १६७३८५ |
| जम्मा | | | | ५८७७६६९ |

| | |
|---|---|
| अनियमित भएको | ५८,७७,६६९ |

६५ **सवारी साधन भाडा –**

पालिकाले यस वर्ष सवारी भाडा वापत रु २०२०००। खर्च लेखेको छ । पालिकाले मिति २०८१ जेठ १५ देखी असार मसान्तसम्मको लागि दैनिक रु ४००० का दरले र डिजेल खर्च पालिकाले व्यहोर्ने गरी सम्झौता गरेको देखिएको छ । पालिकामा ३ वटा सवारी साधन रहेकोमा अनुगमनका लागि सवारी साधन भाडा लिएको छ । उक्त सवारी साधन भाडा वापतको प्रतिदिन रु ४००० का दरले भुक्तानी गरेकोमा भाडामा प्रयोग भएको विस्तृत विवरण र प्रयोग भएको स्थान तथा डिजेल प्रयोगको लकबुक अभिलेख राखेको छैन । अभिलेख स्पष्ट राखी दररेट माग गरी आवश्यकताको आधारमा भाडा खर्च लेख्नु पर्दछ ।

६६ **ह्युमपाइप खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। साथै नियमावलीको नियम ८५ (१) वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमा भन्दा वढी रकमको एउटै व्यक्ति ,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्ने नसकिने उल्लेख छ । यो वर्ष पालिकाले एकै प्रकृतिको विद्युत पोल तथा ह्युमपाइप देहाय बमोजिमको पटक पटक सोझै खरिद गरी रु. १२,१७,४१२ खर्च गरेको छ। वडागत विद्धुत पोल तथा ह्युमपाइप खरिद गर्दा सोको गुणस्तर र जटील प्राविधिक पक्षको समेत विश्लेषण गर्नुपर्दछ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरीको विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ । ह्युमपाइप प्रयोग तथा जडान भएको प्रमाण पेश हुनुपर्ने रु

| क्र स | गो भौ नं. | खरिद वितरण | प्रयोजन | मुल्य |
|---|---|---|---|---|
| २ | ३५७,३९७,४५१ विभिन्न | पानस कंक्रिट सिमेन्ट | पोल खरिद | ३८६९१७ |
| ३ | ३२०/०८१/२/२९ | वडा १ बाट खरिद | ह्युमपाइप खरिद | ९४१८९ |
| ४ | ३२४/०८१/२/२९ | माँ दुर्गा कंक्रिट उद्योग | ह्युमपाइप वडानं २ | २४८५५६ |
| ५ | ४४९/०८१/३/२३ | पाथिभारा कंक्रिट इन्ड्रष्ट्रिज | ह्युमपाइप वडा नं ३ बाट खरिद | ४८७७५० |
| | | जम्मा | | १२१७४१२ |

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **१९०,७४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **९२,९३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **१४३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **१४९,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **१९४,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,१७,४१२ |

६७ **जटिलसंरचना निर्माण –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २६८।२०८१।२।१७ | रमाइलो मार्ग कालोपत्रे उ स | सडक कालोपत्रे | ६७९३३८ |
| २६७।२०८१।२।१७ | गोपालचन्द्र मार्ग कालोपत्रे उ स | सडक कालोपत्रे | ८६८३५३ |
| २६९।२०८१।२।१७ | भेटवाल गाँउजाने बाटो कालोपत्रे उ स | सडक कालोपत्रे | ६४८७८९ |
| | विद्युत पोल तार तथा ट्रान्सफर्मर व्यवस्थापन उ स | खरिद | ३००००० |
| | **जम्मा** | | २४९६४८० |

६८ **हेभी इक्विपमेण्टको प्रयोग —**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित केही सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको देखिएन । केही उदाहरणहरु

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** | **कार्यसम्पन्न** |
|---|---|---|---|---|---|---|
| 2/080/10/8 वन | घघरा खोला स.स. उ.स. | खोला सरसफाई | ५५००० | जे सि भी | ५५००० | ५८१६४ |
| ५/०८१/२/२५वन | तीनहोली खाडी मर्मत उ स | माटो खन्ने | १००००० | जे सि भी | ११९६८३ | १०६५१३ |
| ९/०८१/३/१९वन | विरिङ खोला नदी नियन्त्रण | नदि नियन्त्रण | १३५०००० | व्याक हो लोडर | | १४२८९५० |
| २२/०८१/३/२४ वन | धनमाया रम्तेलको घरपूर्व उ स | खोला नियन्त्रण | १४८००० | जे सि भी | ९७९४३ | १५८३४५ |
| २/०८०/६/१८ विपत | पुरुवा हाल्ने उ स | सडक मर्मत | ११८००० | जे सि भी | २१६०५ | १२४००० |
| | जम्मा | | १७७१०० | | २९४२३१ | |

६९ **विल भर्पाइ वेगरको खर्च (वन)**- (७-२०८१-३-१२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले पदम प्रसाद उप्रेतीलाई बाँध नियन्त्रण वापत रु ३००००। को भुक्तानी गरेको छ ।सो भुक्तानीको विल भर्पाइ संलग्न नभएकोले विजकको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

७० **उपभोक्ता समिति गठन गरी कार्यक्रम सञ्चालन-**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, तालिम सञ्चालन, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन। पालिकाले वडागत बजेट तथा कार्यक्रमबाट प्राविधिक पक्षसमेत समावेश भएका तालिम कार्यक्रम उपभोक्ता समिति गठन गरी सञ्चालन गरेको छ। यस्ता कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समितिबाट सञ्चालन हुन सक्ने नसक्ने प्राविधिक पक्ष समेत ध्यान दिनु पर्दछ।

| भौचर नं | कार्यक्रमको नाम | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| ३४३, २०८१।३।४ | ब्युटि पालर तालिम | ब्युटि पालर उपभोक्ता समिति | १,५०,००० |
| ४१२, २०८१।३।२० | ब्युटिसियन तालिम | एकल महिला क्षमता विकास उपभोक्ता समिति | ५०००० |
| जम्मा | | | २००००० |

७१ **बेजुना खानेपानी मर्मत-** (३१६-२०८१-२-२८):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले बेजुना खानेपानी मर्मत कार्यको नापि किताब तयार गर्दा कामको विवरणमा Clean and Repair Well उल्लेख गरी कुल कामलाई लमसममा १ परिमाण राखेको छ। पालिकाले १ कार्यको दर रु. २,२६,०००/- मा मूल्य अभिवृद्धि कर समेत रु. २५५३८० /-कार्य सम्पन्न तयारी गरी बेनुजा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु. २,५०,०००/- भुक्तानी गरेको छ। पालिकाले बेजुना खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको कार्यमा Details Measurement Sheet तयार नगरी रु. २,५०,००० भुक्तानी गरेको छ। उक्त भुक्तानीको आधार प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

७२ **कृषि सिंचाई मोटर खरिद-** (४७४-२०८१-३-१४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कृषकको १५ प्रतिशत लागत सहभागिता रहने गरी पालिकाले किलोस्कर पम्प KDS-212 मोडलको ४० वटा पानी तान्ने मोटर खरिद गर्न शुभम अर्डर सप्लायर्ससँग रु. ८,६०,००० मा सम्झौता गरी पालिकाबाट रु. ७,३१,००० भुक्तानी गरेको छ। पालिकाले सप्लायर्ससँग मिति २०८१।३।१२ मा गरेको सम्झौताको बुँदा नं ३ मा सम्झौतामा तोकिए अनुसार कार्य गरी कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, अनुगमन प्रतिवेदन, फोटोहरु पेश भएपश्चात भुक्तानी गर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा पालिकाले सम्झौता बमोजिमको कागजात पेश गरेको छैन। पालिकाले सम्झौता बमोजिम कागजात प्रमाणको रुपमा पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३१,००० |

७३ **सशर्त अनुदान (शिक्षा तर्फ)**

७३.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.न. | विद्यालयको नाम | ठेगाना | शिक्षक दरवन्दी | पदपूर्ती | पदपुर्तीमध्ये करार | कक्षा ६-१० वि.स. |
|---|---|---|---|---|---|---|
| १ | सरस्वतीमाध्यमिक विद्यालय | कनकाई २ | १५ | १५ | | ३०९ |
| २ | कन्काईमाध्यमिक विद्यालय | कनकाई ३ | ४४ | ४४ | १ | २४८० |
| ३ | सिंहदेवीमाध्यमिक विद्यालय | कनकाई ४ | ११ | ११ | २ | ४७२ |
| ४ | चम्पापुरमाध्यमिक विद्यालय | कनकाई ६ | १४ | १४ | | ३३४ |
| ५ | भृकुटीमाध्यमिक विद्यालय | कनकाई ७ | २२ | २२ | | ७९५ |
| ६ | हिमालिमाध्यमिक विद्यालय | कनकाई ८ | १५ | १५ | १ | ५६५ |
| ७ | आदर्शविद्या मन्दिर माध्यमिक वि. | कनकाई ९ | २२ | २२ | | ७७१ |
| ८ | जानकीआधारभूत विद्यालय | कनकाई २ | ८ | ८ | १ | १८४ |
| ९ | जनचेतनाआधारभूत विद्यालय | कनकाई ३ | ६ | ६ | | १६६ |
| १० | भगवतीआधारभूत विद्यालय | कनकाई ५ | ७ | ७ | | २७२ |
| ११ | पशुपतिआधारभूत विद्यालय | कनकाई १ | ३ | ३ | | ७४ |
| १२ | पंचकन्याआधारभूत विद्यालय | कनकाई २ | २ | २ | | ५४ |
| १३ | कन्काईगायत्रि आधारभूत विद्यालय | कनकाई ४ | ५ | ५ | | २२७ |
| १४ | देवकोटाआधारभूत विद्यालय | कनकाई ५ | ५ | ५ | | ९८ |
| | | | १७९ | १७९ | ५ | ६८०१ |

उल्लेखित १४ वटा विद्यालयहरुमा ६८०१ जना विद्यार्थी रहेको विवरण बाट देखिन्छ। पालिका शिक्षा ऐन २०७६ बमोजिम शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान हुनुपर्दछ।

७३.२ **विद्यालयलाई प्रति विधार्थी अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु १०३९९४३१ निकासा गरेको छ । अनुदानको अनुगमन गरेको देखिएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान प्रकार | रकम |
|---|---|---|---|---|
| १ | विभिन्न १४ विद्यालय | ६४६ | वा वि के अनुदान | ३२३००० |
| २ | विभिन्न १४ विद्यालय | ३३४ | पोर्टफोलियो व्यवस्थापन | ३३४०० |
| ३ | विभिन्न १४ विद्यालय | २००७ | शिक्षण सिकाई कक्षा १-५ | ३०१०५० |
| ४ | विभिन्न १४ विद्यालय | १५३३ | शिक्षण सिकाई कक्षा ६-८ | ३०६६०० |
| ५ | विभिन्न १४ विद्यालय | ९९८ | शिक्षण सिकाई कक्षा ९-१० | २०४४०० |
| ६ | विभिन्न १४ विद्यालय | ९५७ | शिक्षण सिकाई कक्षा ११-१२ | २२९२५० |
| ७ | विभिन्न १४ विद्यालय | | पाठ्य पुस्तक | २६३१८५२ |
| ८ | विभिन्न १४ विद्यालय | | दिवाखाजा | ४६३०४७९ |
| ९ | विभिन्न १४ विद्यालय | | छात्रवृती | १०६४४०० |
| १० | विभिन्न १४ विद्यालय | | स्रोतकक्षा | ६७५००० |
| जम्मा | | | | १०३९९४३१ |

७३.३

**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१८,७२,२५०/- तलब भत्ता भुक्तानी गरेको छ। पालिकाले विद्यालय शिक्षक तथा विद्यार्थी दरबन्दी अनुपात मिलान नगरी शिक्षक दरबन्दी अनुसार समानिकरण अनुदानबाट रु. १८,७२,२५०/- तलब भुक्तानी गरेको अनियमित देखिएको रु.

| क्र स | विद्यालयको नाम | रकम | गो भौ नं र मिति |
|---|---|---|---|
| १ | पशुपती प्रा वि | ३४५००० | विभिन्न |
| २ | कनकाई गायत्री प्रा वि | १४१२०० | विभिन्न |
| ३ | भृकुटी मा वि | २००००० | १२२८/०८१/२/२२ |
| ४ | हिमाली मा वि | ३००००० | ११२०/०८१/२/२ |
| ५ | आदर्श क्याम्पस | ३००००० | १८५/८१/१/२० |
| ६ | भगवती आ वि | १००००० | २२०/०८१/१/२४ |
| ७ | पञ्चकन्या प्रा वि | ६६०५० | ३९२/०८१/३/१७ |
| ८ | सरस्वती मा वि | २००००० | ३२१/०८१/२/२९ |
| | जम्मा | १८७२२५० | |

| अनियमित भएको | १८,७२,२५० |
|---|---|

७३.४

**क्याम्पस शिक्षकको तलब भत्ता-** पालिकाबाट आदर्श सामुदायिक क्याम्पसलाई भौतिक पूर्वाधार निर्माणको लागि रु. ३००००० बजेट व्यवस्था गरेको देखिन्छ। पालिकाले भौतिक पूर्वाधार निर्माणमा बजेट विनियोजन गरी सोही क्याम्पसको शिक्षकहरुको तलब भत्तामा रु. ३०००००/- निकासा गरेको छ। कार्यक्रम विपरीत तलब भत्तामा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

७३.५ **विद्यालयहरुको लेखापरीक्षण-** पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । पालिकाले १४विद्यालयहरुका लागि रु. ५२,०५,०७०।-विनियोजन गरि निकासा खर्च गरेको छ।पालिकाले आ.व. २०८०।०८१ को अन्तिम लेखापरीक्षण अवधि सम्म लेखापरीक्षण गराएका ३ र धार्मिक १ विद्यालयको विवरण प्राप्त गरेको देखिन्छ । बाँकी बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

७३.६ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १९७८ जना रहेका छन। पालिकाले एजी हेल्थ इन्ड्रष्ट्रिज प्रा लि बाट २२००० थान स्यानिटरी प्याड रु २०१७३९९ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र खरिद गर्नुपर्दछ।

७३.७ **बढी ग्रेड रकम भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.८ **छात्रवृत्ती भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **४१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **२,१००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **६,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **१,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.९ **विद्यालय पाठ्यपुस्तक-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले चम्पापुर माध्यमिक विद्यालय कनकाई-६ लाई पाठ्यपुस्तक खरिद बापत रु. २,२८,५३१ भुक्तानी गरेकोमा विद्यालयले रु. २,१८,५७४ को मात्र विल पेश गरेको छ। विल भरपाई बेगरको बढी भुक्तानी रु. ९९७५ विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९५७ |

७३.१० **दिवा खाजा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **८,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **अपाङ्ग छात्रवृत्ती अनुदान-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **१,३५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५ **निःशुल्क शिक्षा-**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७६ **शिक्षा चालु-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिमको भुक्तानीमा रु १४००००० को वितरण भर्पाइ संलग्न गरेको छैन । वितरण भर्पाइ वेगरको भुक्तानीको आधार तथा प्रमाण पेश हुनुपर्ने रु

| गो भौ नं र मिति | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| २९/०८०/११/१५ | आदर्श विद्या भवन मा वि | २७२००० | छात्रवृति रकम कक्षा ११ र १२ |
| २९/०८०/११/१५ | कनकाई मा वि | १०७२००० | छात्रवृति रकम कक्षा ११ र १२ |
| २९/०८०/११/१५ | भृकुटी मा वि | ५६००० | छात्रवृति रकम कक्षा ११ र १२ |
| | जम्मा | १४००००० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,००,००० |

७७ **फरक कार्यक्रमा खर्च**- (७३-२०८०-१०-१०):

शिक्षा सम्बन्धी सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम सञ्चालन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ ले तोकेको क्रियाकलापमा खर्च गर्नु पर्दछ। पालिकाले प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान शिर्षकबाट पालिकाको स्रोतबाट खर्च गर्नुपर्ने खेलकुद कार्यक्रममा रु. १००००० खर्च गरेको छ। फरक कार्यक्रममा खर्चभएको रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

७८ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा गत वर्ष १११ थानको रु९९८९९ र यस वर्ष ११८ थान को रु. ९९००० खरिद गरेकोमा गत वर्ष ५९ जना र यस वर्ष ४२ जना र गरी १०१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १२० थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर

भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७९ **औषधि खरिद -**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण बोलपत्र र कोटेशन विधिबाट खरिद गरी २ फर्मलाई रु २२१२०४५ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । उदाहरणको लागि ५ औषधीको परीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

| सि. नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | नि:शूल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Paracetamol 500mg | June 2027 | Ins.supply |
| २ | Ranitidine 150mg | Oct 2026 | Not for sale |
| ३ | Amoxycilline 500mg | May 2027 | Ins supply |
| ४ | Metformine 500 | Jan 2027 | Ins supply |
| ५ | Zink 20mg | March 2026 | Ins supply |

८० **स्वास्थ्य विमा कार्यक्रम –**

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले विपन्न परिवार स्वास्थ्य विमा साझेदारी कार्यक्रम संचालन गरेको देखिन्छ । उक्त कार्यक्रम संचालन तथा लाभग्राही छनौट सम्बन्धी कार्यविधि वडागत रुपमा बजेट बाँडफाँड गरी संचालन गरेकोमा रु ३११५७५० साझेदारीमा पालिकाका सवै वडाहरु समेत ९०० घरपरिवारको बिमा बापत भुक्तानी गरेको देखिन्छ । कार्यविधि तयार गरी कार्यक्रम संचालन तथा लाभग्राही छनौट गर्नुपर्दछ ।

८१ **स्वास्थ्य चालु-**

प्रदेश कार्यालयमा कार्यरत कर्मचारीको तलबभत्ता नगरपालिकाको गो भौ नं २४/०८०/१२/७ (स्वास्थ्य) बाट नगरकार्यपालिकाको मिति २०८०/११/१५ को निर्णयानुसार नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ बमोजिम प्रत्येक पालिकामा आरोग्य केन्द्र स्थापना गर्ने कार्यक्रम अनुसार प्रदेश अन्तर्गतको नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत करार कर्मचारी सरला वि क लाई बार्षिक रु १६८३३६। तलब भत्ता र औषधि खरिद गरी ह फा बाट रु २९४४४१ समेत जम्मा रु. ४६२७७७ पालिकाको क्षेत्राधिकार भन्दा बाहिरका कार्यालयमा कार्यरत कर्मचारीको तलब भत्ता भुक्तानी र स्रोत व्यवस्थापन गर्ने विषय कानुनमा देखीदैन । यस सम्बन्धमा पालिकाबाट यकिन हुनुपर्दछ ।

स्वास्थ्य मन्त्रालयबाट जारी भएको नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०७६ बमोजिम भुक्तानी दिएको पालिकाको भनाई रहेको छ ।

८२ **बेर्ना उत्पादन तथा बितरण कार्यक्रम-** (३१७-२०८१-२-२८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले नर्सरी व्यवस्थापन तथा बेर्ना वितरणको लागि रु.

२,७०,२५० व्यहोर्ने गरी प्लास्टिक टनेल, बिउ खरिद, विरुवा वितरण कार्यक्रम सञ्चालन गर्ने गरी नर्सरी व्यवस्थापन तथा बेर्ना उत्पादन कृषक समुहसँग रु. ५,०३,००० मा सम्झौता भएको छ। कृषक समुहले लागत सहभागिता बापतको रकम पालिकाको आन्तरकि राजश्व खातामा रु. १९३०७४ दाखिला गरेको देखिन्छ। पालिकाले कृषक समुहको लागत सहभागिता रकम समेत रु. ३८३१४८ नर्सरी व्यवस्थापन तथा बेर्ना उत्पादन कृषक समुह खातामा फिर्ता गरेको छ। पालिकाबाट विउ उत्पादनको लागि रु. १४००० विउ उत्पादनमा, रु. ५६२५० र विरुवा वितरणमा रु. २००००० समेत २७०२५० विलभरपाई समेतको अनुदान उपलब्ध गराएको छ। उक्त अनुदान मध्ये विरुवा उत्पादन पछि कृषकलाई भरपाई मार्फत वितरण गराएको छ। पालिकाको अनुदान रु. २००००० मध्ये कृषकले खरिद गरी उत्पादन गरेको भरपाईबाट देखिन्छ। उक्त अनुदानबाट ६ समुहले विरुवा उत्दान गरेकोमा पालिकासँगको मूल्य निर्धारण गरेबमोजिम विक्री वितरण गरेको छ। अनुदान, उत्पादन, खपत तथा विक्री वितरण संख्याको अनुगमन गरी अनुदानको प्रभावकारीता बढाउनु पर्दछ।

(पालिकाले समुहसँगको सहभागितामा दर निर्धारण भएको समुह आफैले वेर्ना उत्पादन गरेकोले समहुसँग विल विजक नहुने पालिकाको भनाई रहेको छ।)

८३ **कृषी पशु अनुदान-**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट पशुसेवा कार्यक्रम तर्फका ७३८७१ जनाको लागि रु२३५८००० र कृषि तर्फ २७८६ जनाको लागि रु १३३४००१६ समेत कुल ७६६५७ जनाको लागि रु १५६९८०१६खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | पशुसेवा कार्यक्रम तर्फ | ७३८७१ | २३५८००० |
| २ | कृषि कार्यक्रम तर्फ | ३९८८ | १७५४९५५८ |
| | हेफर साझेदार | १०४२ | १३६०५४२ |
| | कारितास साझेदार | २८५७ | २११७७८६ |
| | **जम्मा** | ७७८५९ | १९९०७५५८ |

पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

८४ **गाईपालन प्रवर्द्धन कार्यक्रम-**

प्रदेश सरकारबाट हस्तान्तरित शर्शत कार्यक्रम बमोजिम पालिकाले गाईपालन कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारी रहने गरी सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. सँग पालिकाबाट रु. २००००० व्यहोर्ने गरी जम्मा रु. ४०,००,००० मा सम्झौता भएको छ। सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. ले ४० वटा गोठसुधार अन्तर्गत गाईगोठ निर्माण गर्नुपर्ने र ६० वटा उन्नत गाई खरिद गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

८४.१ (३०-२०८१-३-४):

**खरिद गरिएका गाईको उमेर** – सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. ले बोलपत्र आह्वान गरी ६० वटा गाई खरिदको लागि बिन्दबासिनी कृषि फार्मसँग रु. २३,७६,००० मा सम्झौता गरेको छ। यस बमोजिम प्रति गाईको मुल्य रु. ३९,६०० रहेको छ। सम्झौता बमोजिम बिन्दबासिनी कृषि फार्मले भर्ना भएका कोरेली २ देखि ३ बर्ष उमेर भएका गाईहरु उपलब्ध गराउनुपर्ने उल्लेख छ। बिन्दबासिनी कृषि फार्मले उपलब्ध गराई सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. ले वितरण गरेका ६० वटा गाईहरुमा २ देखि ३ बर्षका १२ वटा, ४ बर्षका २१ वटा, ५ बर्षका २५ वटा र ६ बर्षका २ वटा गाई रहेको प्राविधिक पुष्टाई रहेको छ। बितरित ६० वटा गाईहरुमा सम्झौतामा भन्दा ४८ वटा गाईको उमेर २ देखि ३ बर्षको हुनुपर्नेमा बढी उमेर समुहको रहेको विवरणबाट देखिएको छ। सम्झौतामा भन्दा २ देखि ३ बर्ष उमेर समुह भन्दा बढी उमेर समुहका ४८ वटा गाईहरुको ५० प्रतिशत अनुदान बापतको रु. ९,५०,४०० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,५०,४०० |

८४.२ **गाईगोठ निर्माण-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **७७७,५२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८४.३ **गाईको विमा तथा खोप-** पालिका र सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. बीच मिति २०८०।१२।१ मा भएको सम्झौताको बुँदा नं ४ मा गाईपालन गर्ने व्यावसायिक कृषकहरुले गाई खरिद गरे पश्चात अनिवार्य विमा गर्नुपर्ने तथा लम्पी स्किन र खोरेत रोग विरुद्धको खोप अनिबार्य लगाउनु पर्ने उल्लेख छ। लाभग्राही कृषकहरुले गाईको बिमा गरेको तथा खोप लगाएको प्रमाण संलग्न गरेको छैन। सम्झौताको परिपालना हुनुपर्दछ।

८४.४ **विविध खर्च असुल-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८,८३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८५ **सामाजिक विकास समितिको बैठक भत्ता-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **९१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १ वडामा १योजना सञ्चालन गरी यस वर्ष ३९ जनालाई औसत १०० दिनले ३९०० दिन रोजगारी उपलव्ध गराई रु २६०४२८५ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट

गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

८७ **सरुवा भ्रमण खर्चः** (१७००-२०८१-३-२४):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा एक जिल्लाबाट अर्को जिल्लामा सरुवा भइ जाने कर्मचारीले दैनिक भत्ता तथा भ्रमण खर्च पाउने उल्लेख छ । यसरी सरुवा भई अर्को कार्यालयमा जाँदा कर्मचारीले छाडेको कार्यालयबाट रमाना पत्र लिंदा रमाना पत्रमा निजले सरुवा भ्रमण भत्ता लिए या नलिएको स्पष्ट उल्लेख गर्नुपर्ने व्यवस्था छ । प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद खरेल नगरपालिकाबाट भुमि व्यवस्था सहकारी तथा गरिबि निवारण मन्त्रालय, काठमाडौं सरुवा भई जाँदा निज समेत ३ जना परिवारका सदस्य मध्ये दुई जनालाई हवाई टिकट को रु. १९२००.०० र अन्य भ्रमण खर्च समेत ४ दिनको दैनिक भत्ता र भ्रमण खर्च वापत रु. ३९६००.०० भुक्तानी गरेको देखियो । सरुवा भ्रमणको दैनिक भत्ता र भ्रमण खर्च भुक्तानी गरी निजलाई दिएको रमानापत्रमा निजले सरुवा भ्रमण भत्ता नलिएको जनाएको छ । यसरी रमाना पत्रमा सरुवा भ्रमण भत्ता नलिएको जनाएकोले निजले सरुवा भई गएको कार्यालयबाट सरुवा भ्रमण खर्च नलिएको रकम रु. ३९६००.०० को प्रमाण पेश गर्नुपर्ने रु.,

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,६०० |

८८ **समायोजन ग्रेडः**

नगरपालिकाले तलवी प्रतिवेदन पारित नगरी देहाय बमोजिमका कर्मचारीलाई वि.स. २०७५ साल देखी आ.व. २०८०/८१ सम्म २ समायोजन छुट ग्रेड, संचयकोष थप र चाडपर्व छुट वापतको एकमुष्ट रकम वापत रु. ५०००३८.०० भुक्तानी भएको छ । नियमानुसार तलवी प्रतिवेदन पारित नगरी निजहरुलाई गत विगतको तलव भत्ता वापतको रकम रु. ५०००३८.०० भुक्तानी गरेको छ । समायोजन भएपश्चात आ.ब २०७५।०७६ देखि भुक्तानी छुट भएको उक्त रकम एकमुष्ठ भुक्तानी गरेको छ। पालिकाले गत विगत बर्षदेखि नै तलबी प्रतिवेदन पारित नगरेको अवस्था छ । तलबी प्रतिवेदन पारित नगरी समायोजन ग्रेड भुक्तानी गर्दा उक्त भुक्तानीको खर्च रकम भिडान गर्न सकिएन।

| क्र.सं. | रकम भुक्तानी लिनेको पद, नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| १ | अधिकृत दशौं श्री पिताम्बर गौतम | ३४६७३४.०० |
| २ | अधिकृत आठौं हरि प्रसाद मिश्र | १५३३०४.८० |
| जम्मा | | ५०००३८.०० |

८९ **संघको कर्मचारीलाई थप तलब सुविधाः**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ मा सरकारी सेवाका कर्मचारी समायोजन गर्ने र समायोजन हुँदा कायम हुने ग्रेडसम्बन्धी व्यवस्था रहेको र प्रदेश वा स्थानीय तहको सेवाको शैक्षिक योग्यता मिल्ने जुनसुकै सेवा, समुहको पदमा सेवा सञ्चालन गर्ने निकायको सिफारिसमा निर्देशन तथा समन्वय समितिको निर्णयबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समायोजन गर्न सक्ने उल्लेख छ । पालिकाले व्यवस्थापन सर्वेक्षण गर्दा दशौँ तहको रहने गरी प्रमुख प्रशासकिय अधिकृतको दरबन्दी सभाबाट स्वीकृत गरेकोमा उक्त दरबन्दी प्रदेश निजामति किताबखानामा दर्ता गरेको पाइएन । पालिकाले राजपत्राकिंत द्वितिय श्रेणीका प्रमुख प्रशासकिय अधिकृतलाई कार्यपालिकामा निर्णय गराई दसौँ तह सरको सुविधा दिने निर्णयको आधारमा यस वर्ष निजहरुको तलब भत्तामा रु. १२६६९६.०० थप खर्च लेखेको छ । सरकारी सेवाका कर्मचारीलाई समायोजन गर्ने र तलब सुविधा सम्बन्धी व्यवस्था कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम हुने स्पष्ट व्यवस्था रहेकोमा स्थानीयतहमा कर्मचारी समायोजन नभइ कामकाजमा आएको अवस्थामा स्वीकृत समेत नभएको दरबन्दी सरहको सुविधा दिएको सन्दर्भमा यस पालिकाबाट समायोजन ऐनको मर्मविपरित संघका प्रमुख प्रशासकिय अधिकृतलाई थप तलब सुविधा प्रदान गरेको रकम असुल गर्नुपर्ने रु.,

| क्र.स. | प्रमुख प्रशासकिय अधिकृतको नाम | कार्यरत महिना | भुक्तानी गर्नुपर्ने तलव स्केल | भुक्तानी गरेको तलव स्केल | बढी भुक्तानी(ग्रेड,चाडपर्व खर्च र क.सं. थप समेत) |
|---|---|---|---|---|---|
| १ | श्री मोहन प्रसाद न्यौपाने | ३(श्रावण-आश्विन) | ४८७३७ | ५६७८७ | ४२६७७.०० |
| २ | श्री लक्ष्मी प्रसाद खरेल | ७(श्रावण-आश्विन) | ४८७३७ | ५६७८७ | ८४०१९.०० |
| जम्मा | | | | | १२६६९६.०० |
| | | | | असुल गर्नुपर्ने | १,२६,६९६ |

९० **करार कर्मचारी संचय कोषः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापनाका शर्त तथा सुबिधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९।१।१५ को निर्णय बमोजिम २०७९।१।२१ को परिपत्र अनुसार करार सेवामा कार्यरत कर्मचारीलाई तोकिए बमोजिम मासिक पारिश्रमिक, शुरु तलव स्केल बराबरको एक महिनाको चाडपर्व खर्च र वर्षको एक पटक रु. १००००.०० पोशाक भत्ता दिन सकिने व्यवस्था छ । नगरपालिकाले माथि उल्लेखित सुविधा बाहेक निम्नानुसारका करार कर्मचारीको शुरु तलव स्केलको १० प्रतिशत संचय कोष कट्टी गरी नगरपालिकाको तर्फबाट थप १० प्रतिशत रु. २९१४९५ भुक्तानी गरेको देखियो । नियम विपरित भुक्तानी भएको रु. २८,७४४ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.,

| क्र.सं. | नाम | श्रेणी/तह/पद | तलब स्केल | कर्मचारी संचय कोषकट्टी | भुक्तानीभएको महिना संख्या | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| १३ | रोहित कुमार कोइराला | हलुकासवारी चालक | २७,६१२.०० | २७६१.२ | ४ | ११०४४.८० |
| १७ | हरिकृष्णओली | कार्यालयसहयोगी | २४,७०२.०० | २४७०.२ | ४ | ९८८०.८० |
| १९ | बबितागदाइली | कार्यालयसहयोगी | १९,५५०.०० | १९५५ | ४ | ७८२०.०० |
| जम्मा | | | | | | २८७४४ |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **७,१३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१७,४७५.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **१७,४७५.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१७,४७५.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **१७,४७५.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१३,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१३,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **१३,१६०.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **१३,१६०.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१३,१६०.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **८,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **११,०४४.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **११,०४४.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **९,८८०.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,१३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,१३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२** को निर्णयले रू **७,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २८,७४५.६ |
|---|---|

९१ **कार्यविधि वेगरका कार्यक्रम खर्चः**

पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कार्यविधि वेगरका कार्यक्रममा खर्च गर्दा सो बाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरुः

| क्र. स. | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|
| १ | कन्काई सन्थाल मेला | २००००० |
| २ | एकादशी मेला | ६८००० |
| ३ | घैलाडुब्बा सन्थाल मेला | १००००० |
| ४ | तीजमिलन कार्यक्रम | ७०००० |
| ५ | पत्रकार क्षमता विकास र केन्द्रीय समिति बैठक | ५००००० |
| ६ | न्यानो कपडा खरिद वापत कृष्ण कुमार ट्रेडर्सलाई भुक्तानी | २४४००० |
| | | ११८२००० |

९२ **कर्मचारी सरुवाः**

निजामती सेवा ऐन, २०५० अनुसार निजामती कर्मचारीको प्रत्येक दुई वर्षमा सरुवा गर्ने व्यवस्था छ । यस पालिकाका प्र प्र अको ०८०/८१ अवधिमा ३ जना सरुवा गरेको कारण उक्त कानूनी व्यवस्थाको पालना नभएको र दैनिक तथा भ्रमण खर्चमा निर्धारित समय अघिनै रु १०३००० खर्च हुन गएको छ ।

९३ **भ्रमण खर्च सम्बन्धी बिल भरपाईः** (२४२-२०८०-७-१):

